# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ११ | काठमाडौं | शुक्रबार, २१ वैशाख २०८१ | Prabhab National Daily | Friday, May 03, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

# विकराल वन डढेलो १८ जनाको मृत्यु





- खडेरीका कारण लामो समयदेखि सुख्खा भएकै बेला तापक्रम वृद्धि हुँदा डढेलोको प्रकोप
- ५३ जिल्लाको ४३६ स्थानमा वन डढेलो
- बर्सेनी वन डढेलोको प्रकोप र मृत्यु संख्या बढ्दो

■ जेबी योञ्जन

**काठमाडौं–** देशभर वन डढेलोले विकराल रूप लिएको छ। जनधनको क्षति पनि उत्तिकै भइरहेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार बिहीबार देशका ५३ जिल्लाका चार सय ३६ स्थानमा वन डढेलो लागिरहेको छ।

खडेरीका कारण लामो समयदेखि सुख्खा भएकै बेला तापक्रम पनि वृद्धि भएपछि वनमा डढेलो अधिक लागेको प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले बताए । उनका अनुसार डढेलोका कारण जनधनको क्षति भइरहेको छ । बुधबार रातिमात्रै धादिङको थाक्रे गाउँपालिका-५ गैरीखर्कमा आगो लाग्दा एक वृद्ध दम्पतीको पनि मृत्यु भयो ।

आगोले जलेर घरभित्रै रहेका ७० वर्षीय तेजबहादुर लामा र उनकी श्रीमती ठूली तामाङको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धादिङका प्रवक्ता मकेन्द्र मिश्रले बताए । ललितपुरस्थित गोदावरी नगरपालिका-४ का शंकर पहरी र रमेश पहरीको वनको आगो निभाउने क्रममा मृत्यु भयो । बडिखेलस्थित तपेश्वर सामुदायिक वनमा लागेको डढेलो निभाउने क्रममा घाइते भएका शंकरको मंगलबार र रमेशको बुधबार मृत्यु गएको हो ।

विपद् प्राधिकरणको विवरणअनुसार डढेलो र आगलागीमा परेर वैशाख १ गते यता १८ जनाको मृत्यु भएको छ। मृतकमध्ये तीन जना महिला छन्। बाँकी पुरुष छन्। यो विवरणलाई आधार मान्दा हरेक दिन एक जनाभन्दा बढीको आगलागीका कारण ज्यान जाने गरेको छ ।

बिहीबार पाँचथरको तुम्बेवा गाउँपालिका १ माथिल्लो रातमाटेदेखि सल्केको आगोले कम्तीमा ६ वटा घर ध्वस्त पारेको छ। आगो वनदेखि सल्केको गाउँपालिका उपाध्यक्ष खड्गसुन्दर सम्बाहाम्फेले जानकारी दिए । आगो अझै नियन्त्रणमा आएको छैन। त्यसले गर्दा क्षतिको पनि पूर्ण विवरण आउन बाँकी छ।

बिहीबार नै सर्लाहीको विष्णुपुर गाउँपालिका-१ बाराद्धोरण टोलमा भीषण आगलागी हुँदा दर्जनौं घर जलेर खरानी भएका छन् । दिउँसो ३ बजेतिरदेखि आगलागी भएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी दिपक श्रेष्ठले जानकारी दिए। कति घर जलेको भन्ने एकिन विवरण प्राप्त नभएको उनले बताए। तर, बारा उद्धोरण टोलमा आगलागीले सयभन्दा बढी घर जलेको गाउँपालिका अध्यक्ष जवाहर यादवले बताए । यहाँका विपन्न पटेल थरका मानिसहरूको बसोबास छ।

(क्रमशः पृष्ठ २ मा)

# माधव नेपाललाई प्रधामन्त्री बन्ने छटपटी

■ प्रभाव संवाददाता



- प्रतिनिधि सभामा १० सिटसहित सातौं रहेको दलका अध्यक्ष माधव नेपालले आफू प्रधानमन्त्री हुन लागेको संकेत गर्न थालेका छन्
- सत्ताघटक दल जनता समाजवादी पार्टीका अध्यक्ष उपप्रधान तथा स्वास्थ्यमन्त्री उपेन्द्र यादव अमेरिकाबाट फर्केपछि सरकार परिवर्तनको खेल शुरू हुने
- प्रधानमन्त्री पुष्पकमल दाहालसमेत सरकारको नेतृत्व माधव नेपाललाई दिन तयार रहेको दाबी

**काठमाडौं–** एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधव नेपाल यतिबेला आफू प्रधानमन्त्री बन्न लागेको दाबी गर्न थालेका छन्। प्रतिनिधि सभामा १० सिटसहित सातौं रहेको दलका अध्यक्ष नेपालले आफू प्रधानमन्त्री हुन लाग्दा एमाले नेताहरुको मन पोलेको समेत आरोप लगाएका छन्।

'हामी प्रधानमन्त्री बन्छौं भनेर कतिपयलाई पोल्न थाल्या छ। कतै प्रधानमन्त्री बनिहाल्छ कि भनेर पनि पोल्न थाल्या छ,' गत सोमबार नेपालले भने, 'पोल्ने मानिसहरु पनि छन् यो समाजमा। तिनलाई पोले पोलोस्, दन्दनी आगोले पोलिरहोस्। त्यस्ता प्रवृत्ति बोक्नेहरुलाई धिक्कार छ भन्न चाहन्छु।' एमाले अध्यक्ष केपी शर्मा ओलीलाई लक्षित गर्दै नेपाल पछिल्ला दिन नेपाल गठबन्धनसँग निकै असन्तुष्ट सुनिन्छन्। बुधबारमात्र चितवन पुगेका नेपालले गठबन्धन कतिबेला के हुने हो भनेर यसको संकेत गरे। 'केही विमति छन्। गठबन्धन कहिले के हुन्छ भन्न सक्ने अवस्थामा छैन,' नेपालले भने।

उनी कांग्रेसको सहयोगमा प्रधानमन्त्री बन्न लागेको बताइएको छ। नेपालले यस्तो बेला कांग्रेसलाई गाली गर्न नहुनेसमेत कार्यकर्तालाई सुझाएका छन्। 'कसै कसैले कांग्रेसलाई शत्रु भन्नुपर्छ भन्छन्। प्रहारको निशाना त्यतै ताक्नुपर्छ भन्छन्। जसले गर्दा कांग्रेससँग सम्बन्ध टुटेर जाओस् भन्छन्। यो पार्टीको हितमा होइन। पार्टीलाई सिध्याउने सिद्धान्तमात्रै हो,' नेपालले शुक्रबार भनेका थिए।

### दाहाल सरकार ढाल्ने तयारी

प्रतिनिधि सभाको प्रमुख दल नेपाली कांग्रेस केही दिनयता जसरी पनि सत्ता परिवर्तन गर्ने कसरतमा जुटेको छ। फागुन २१ गते माओवादीले एमाले रोजेदेखि नै कांग्रेस सभापति शेरबहादुर देउवाको एमाले र माओवादीरहित सरकार बनाउने कसरतमा छन्।

सहकारी प्रकरणमा सरकारलाई गलाएर एमाले माओवादीइतरका दलहरूसहितको सरकार बनाउने तयारीमा लागे पनि हिउँदे अधिवेशन अन्त्यसँगै कांग्रेसको तयारी अवरुद्ध बनेको थियो। यसबीच दलहरु इलाम र बझाङको उपनिर्वाचनमा व्यस्त भए। सरकारले वैशाख २८ गते बजेट अधिवेशन बोलाएसँगै कांग्रेस पुन यो कसरतमा जुटेको छ। यसका लागि पार्टी सभापति देउवाले कृष्ण सिटौला, रमेश लेखक, मीनेन्द्र रिजालगायत नेताहरूलाई खटाइरहेका छन्।

सत्ताघटक उपप्रधान तथा स्वास्थ्यमन्त्री जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव अमेरिका भ्रमणमा छन्। वैशाख १५ गते अमेरिका उडेका यादव वैशाख २५ गते काठमाडौं आइपुग्ने कार्यतालिका रहेको छ। यादवले अमेरिकाबाट फर्कनसाथ सरकारको नेतृत्व परिवर्तनबारे निर्णय दिने वचन माधव नेपाललाई दिएका छन्।

### दाहाल ओली दुई घण्टा भेट

एमाले अध्यक्ष केपी ओलीले बिहीबार दिउँसो बालुवाटार पुगेर प्रधानमन्त्री दाहालसँगसँग भेट गरेका छन्। दुई नेताबीच दुई घन्टासम्म चलेको भेटमा विकसित राजनीतिक घटनाका विषयमा छलफल भएको ओलीले बताए। सरकार बनाउनका लागि १३८ जना सांसद आवश्यक हुन्छ। अहिले कांग्रेससँग ८८ सांसद छन्। कांग्रेस नेतृत्वमा राप्रपाको १४, जनता समाजवादी पार्टीको १२, एकीकृत समाजवादीको १०, जनमतको ६, लोसपाको ४ र नागरिक उन्मुक्तिको ४ जोड्दा १३८ सांसद पुग्छ। कांग्रेस नेतृत्वको सरकार बन्दा राष्ट्रिय जनमोर्चाले समेत साथ दिने बताइन्छ। जनमोर्चाको एक सांसद छ। माधव नेपालको नेतृत्वमा सरकार बन्दा १४० सांसद पक्षमा आउने बताइएको छ।

### दाहाल नै तयार

कांग्रेसले एमालेसहितको सरकार बनाउने तयारी गरेपछि माधव नेपाललाई प्रधानमन्त्री बनाउन दाहालसमेत तयार भएको बताइएको छ। एमाले अध्यक्ष ओलीलाई प्रधानमन्त्री दिएर भए पनि माओवादीलाई एक्लाउनुपर्ने मत कांग्रेसभित्र बलियो रहेको छ। संघीयता, धर्मनिरपेक्षताका विषयमा संविधान संशोधनका लागि नेकपा एमालेसँग कांग्रेस मिल्नुपर्ने डा शेखर कोइराला, महामन्त्री गगन थापालगायतको मत छ। तर देउवा भने एकपटक माधवलाई प्रधानमन्त्री बनाउनैपर्ने अडानमा रहेको बताइएको छ।

एमाले र माओवादी मिलेर ओली शक्तिशाली प्रधानमन्त्री भएको बेला माधवकै कारण आफू सरकारको नेतृत्वमा पुगेको देउवा बताउँछन्। यही गुण तिर्न भए पनि देउवा नेपाललाई प्रधानमन्त्री बनाउन तयार देखिन्छन्।

**सन्दर्भः वैदेशिक रोजगार**

# एक अर्बको 'वैदेशिक रोजगार बचतपत्र' निष्कासन हुँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीमा गएका नेपाली नागरिकलाई लक्षित गर्दै एक अर्ब रूपैयाँ बराबरको वैदेशिक रोजगार बचतपत्र निष्कासन गर्ने भएको छ । विदेशमा काम गरिरहेका नेपाली नागरिक तथा गैर आवासीय नेपालीहरु वा उनीहरुको परिवारका सदस्यले पाँच वर्षे अवधिको वैदेशिक रोजगार बचतपत्र खरिद गर्न सकिने गरी निष्कासन गर्न लागिएको अर्थ मन्त्रालय अन्तर्गतको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनायो।

वैशाख २३ गतेबाट बिक्री सुरु हुने बचतपत्र जेठ २२ गतेभित्र खरिद गरिसक्नुपर्ने छ । बिक्री सम्पन्न भएपछि जेठ २९ गते बचतपत्र निष्कासन हुने कार्यतालिका तय भएको छ । यस बचतपत्रमा वार्षिक ९ प्रतिशत ब्याज प्राप्त हुने छ भने ब्याज आम्दानीमा कर लाग्ने बताइएको छ। ब्याज भुक्तानी हरेक ६/६ महिनामा हुने उल्लेख गरिएको छ। आफूले खरिद गर्न चाहेको बचतपत्रका लागि न्युनतम दश हजार रूपैयाँ र बढीमा कूल निष्काशित रकमको सीमामा नबढाई दश हजारले भाग गर्दा निःशेष भाग जाने अंकमा आवेदन दिनुपर्ने छ।

बचतपत्र खरिद गर्नेलाई कर्जा सुविधा पनि उपलब्ध हुनेछ । उक्त बचतपत्र धितो राखी बैंक तथा वित्तीय संस्थाबाट कर्जा समेत लिन/दिन सकिने उल्लेख गरिएको छ भने आफूले चाहेको बखत यसलाई जुन सुकै बेला पनि बेच्न सकिन्छ । यो बचतपत्र मुलुक बाहिर रोजगारीमा संलग्न वा मुलुक बाहिरको रोजगारीबाट फर्केको ६ महिना नपुगेका नेपाली नागरिक वा गैरआवासीय नेपाली नागरिकले आफू वा आफ्नो परिवारको सदस्य (बुवा, आमा, श्रीमान्, श्रीमती, छोरा, छोरी मात्र) को नाममासमेत खरीद गर्नसक्ने व्यवस्था छ।

खण्डित अवधिको ब्याजको हकमा भने बैंक तथा वित्तीय संस्थाले आवेदकको खाता रुजु गरी आवेदन रकम बराबर निष्कासन मितिसम्म रोक्का राख्नुपर्ने उल्लेख गरिएको छ । निष्कासन मितिमा नेपाल सरकारलाई रकम बुझाउनुपर्ने भएकोले खण्डित अवधिको ब्याज रकम भुक्तानी नदिइने प्रस्ट पारिएको छ। यो बचतपत्र खरिद/बिक्री सम्बन्धी अन्य व्यवस्था सावर्जनिक ऋण व्यवस्थापन ऐन २०७९, सार्वजनिक ऋण व्यवस्थापन नियमावली २०८० र ऋणपत्र निष्कासन तथा सञ्चालन समितिको निर्णय बमोजिम हुने कार्यालयले उल्लेख गरेको छ।

सरकारले बेलाबेला स्वदेश तथा विदेशमा रहेका नेपाली नागरिकबाट आन्तरिक ऋण उठाउने उद्देश्यले आर्थिक टुल्सको रूपमा ऋणपत्र निष्कासन गर्ने गरेको छ। सोही अनुरूप वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक तथा विदेशमा बसोबास गर्ने गैरआवासीय नेपालीले मात्रै खरिद गर्न पाउने गरी 'वैदेशिक रोजगार बचतपत्र' निष्कासन गर्न लागिएको हो।

# कोरियाबाट फर्किएका श्रमिकलाई पुनः एकीकरण तालिम

**काठमाडौं–** रोजगार अनुमति प्रणाली (इपीएस) मार्फत दक्षिण कोरिया गएर काम गरी स्वदेश फर्केका श्रमिकहरुलाई पुनः एकीकरण तालिम दिन सुरु गरिएको छ । नेपाल सरकार, इन्टरनेसनल कोअपरेसन एजेन्सी (कोइका) र कोरियाको मानव संसाधन विकाससँगको सहकार्यमा 'प्रथम पुनः एकीकरण सम्बन्धी जानकारी तथा अभिमुखीकरण तालिम' दिन सुरु गरिएको हो ।

'बिल्ड योर सेकेन्ड ड्रिम इन होमल्यान्ड' नारा दिएर सुरु भएको पुनः एकीकरण तालिमले कोरियाबाट फर्किएका श्रमिकले स्वदेशमा नै स्वरोजगार तथा उद्यमशिलता प्रवर्द्धन गर्न सक्ने विश्वास लिइएको छ। नेपालीले कोरियाको विकासमा निकै ठूलो योगदान पुऱ्याएर फर्किएपछि नेपालको विकासमा पनि काम गर्न सक्छन् भन्ने विश्वास लिएको एचआरडी कोरिया नेपालका प्रमुख किसु किमले बताए । 'कोरियाबाट फर्किएका नेपालीले नेपालमै बसेर काम गर्ने सहज अवस्था बनोस् भन्ने हाम्रो उद्देश्य हो, उहाँहरुले कमाएको पुँजी र सीप नेपालमा प्रयोग गर्न प्रोत्साहन गर्नु पनि हाम्रो उद्देश्य हो,' उनले भने।

कोइका परियोजनाको 'के-हामी' र नेपाल सरकारबीचको दुइपक्षीय पहलमा भएको पहिलो पुनः एकीकरण तालीमले नेपाल फर्किएका र फर्कन चाहनेका लागि मार्गदर्शन गर्ने बताइएको छ। कोरिया र नेपालबीचको आपसी सम्बन्धका कारण एकअर्काले माया र सदभाव साट्दै तालिमको सुरुवात भएको श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव घनश्याम उपाध्यायले बताए। 'कोरियाको सिप र पुँजीलाई नेपालमा आएर सदुपयोग गर्न पुनः एकीकरण कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने विश्वास छ,' उनले भने।

'के हामी' परियोजना अन्तरगत सञ्चालन गरिएको पुनः एकीकरण कार्यक्रमका लागि झण्डै एक अर्ब रूपैयाँ रहेको छ । सन् २०२८ सम्म रहने यो परियोजनाले उक्त अवधिभर कोरियाबाट फर्केका नेपालीहरूलाई स्वदेशमै स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धन गर्न प्रशिक्षण दिएर सहयोग गर्नेछ।




# प्रधानमन्त्रीसँग भारतका महालेखापरीक्षकको शिष्टाचार भेट

**काठमाडौं, (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहालसँग नेपाल भ्रमणमा रहेका भारतका नियन्त्रक एवं महालेखापरीक्षक गिरीशचन्द्र मुर्मुले शिष्टाचार भेट गरेका छन् ।

सिंहदरबारमा बिहीबार भएको भेटमा दाहाल र मुर्मुबीच नेपाल-भारतका लेखापरीक्षणका विविध विषयहरूमा क्षमता अभिवृद्धि र अनुभव आदान-प्रदानलगायतका विषयमा छलफल भएको प्रधानमन्त्रीका परराष्ट्र सल्लाहकार डा.रूपक सापकोटाले जानकारी दिए । उक्त अवसरमा प्रधानमन्त्री दाहालले नेपाल र भारतको महालेखापरीक्षकको कार्यालयबीच हालै भएको सहयोग एवं अनुभव आदान-प्रदान गर्ने सहमतिबाट दुवै देशको सार्वजनिक लेखापरीक्षणमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

भारतका महालेखापरीक्षक मुर्मुले नेपालको लेखापरीक्षणबारे आफूले जानकारी प्राप्त गरेको उल्लेख गर्दै आगामी दिनमा दुई देशका लेखापरीक्षकहरूले एकअर्काको अनुभव र सीप सिक्न सक्ने विश्वास व्यक्त गरे । भेटमा नेपालका महालेखापरीक्षक तोयम राय, प्रधानमन्त्रीका परराष्ट्र सल्लाहकार डा. सापकोटा एवं परराष्ट्र मन्त्रालयका उच्चअधिकारीको उपस्थिति थियो ।

# कर्मचारीलाई प्रभु केबलकारको सेयर पुरस्कार

**काठमाडौं–** प्रभु ग्रुपको लगानी रहेको प्रभु केबलकार एन्ड टुरिजम लिमिटेडले आफ्ना मेहनती कर्मचारीहरुलाई अन्तराष्ट्रिय मजदूर दिवसमा केही नगद धनराशि सहित पुरस्कृत गरेको छ । कम्पनीले एक समारोह आयोजना गर्दै कम्पनीमा कार्यरत कर्मचारीलाई रिफ्रेसमेन्ट सहितको व्यवस्था गरि काठमाडौंको इन्द्रेणी होटलको रानीहलमा उक्त कार्यक्रम गरेको हो ।

कार्यक्रममा कम्पनीका संचालक समितिका पदाधिकारीसहित प्रभु ग्रुप एण्ड कम्पनीमा कार्यरत कर्मचारीको सहभागिता रहेको थियो । प्रभु केबलकार एण्ड टुरिजम लिमिटेडले हाल नेपालमा ३ (तीन) वटा केबलकार परियोजना निर्माण गरि रहेको छ । एक अर्ब रूपैयाँ अधिकृत पूंजी रहेको कम्पनीले निकट भविष्यमा ३० करोड रूपैयाँ बराबरको प्रिमियम मूल्यमा सार्वजनिक शेयर निस्कासन ल्याउँदै छ ।

कम्पनीले निर्माण गरिरहेको सिद्धार्थ केबलकार परियोजना भने पूर्ण सञ्चालनको अन्तिम चरणमा रहेको छ । सिद्धार्थ केबलकार वैशाख १ देखि आंशिक सञ्चालन भई रहेको छ । भगवान गौतम बुद्धको गुरुको आश्रममा जाने उक्त केबलकार बुटवलको तिनाउ खोलापारि मणिमुकुन्द सेन फुलबारी पार्क हुँदै पाल्पाको नुवाकोट सम्म जाने छ । उक्त केबलकारको दूरी २ किलो मिटरको रहेको छ । सिद्धार्थ केबलकारमा २५ वटा गोन्डलाहरु रहेका छन् । यस ऐतिहासिक एवं धार्मिक स्थलमा महर्षि कालदेवलको आश्रम, विश्वकै पुरानो मानिने कामना भैरबमा भाकल पूजा, पाठ आदि गरि भैरब भगवानको दर्शन र पुरातात्विक सम्पदा एवं ऐतिहासिक काठेगढी, नुवाकोट गढी दरबार एवं रानिकुवा तोपहान क्षेत्र आदिको अवलोकन गर्न केबलकार चढी दैनिक हजारौं स्वदेशी तथा विदेशी पर्यटकहरु ठाउँमा जानेछन् ।

कम्पनीको चुक्ता पूँजी एक अर्ब पुर्‍याउने उद्देश्यल प्रभु केबलकारले ल्याउन बिक्री प्रबन्धक छनौटको प्रकृया अगाडि बढाएको छ । कम्पनीले बिक्री प्रबन्धक चयन गर्न वैशाख ४ मा शिलबन्दी बोलपत्र आह्वान गरि सकेको छ । कम्पनीको सार्वजनिक शेयर निश्कासन आएपछि कम्पनीले रामेछापको खाँडादेवी मन्दिरमा र सिन्धुलीको सिद्धबाबा धाममा केबलकार बनाउने छ ।

पृष्ठ १ बाट क्रमशः

## विकराल वन ...

पाल्पाको रामपुर नगरपालिका ४ र ५ का साथै पूर्वखोला गाउँपालिका-६ को हेक्लाङस्थित जंगलमा लागेको डढेलो बस्तीमा फैलिएपछि ३७ घरगोठ जलेका छन् । लाखौंको धनमान नष्ट भएको छ ।

वडाध्यक्ष धनबहादुर घर्ती मगरका अनुसार जंगलमा लागेको डढेलो बुधबार बेलुकीदेखि बस्तीमा फैलिँदा घरगोठ जलेर नष्ट भएको हो । जलेर पशुचौपाय पनि मरेका छन् । आगलागी अझै पनि नियन्त्रणमा आउन बाँकी रहेको मगरले बताए ।

यी त प्रतिनिधिमूलक आगलागीका घटना हुन् । राष्ट्रिय विपद् प्राधिकरणका वन डढेलो, आगलागी तथा वातावरण शाखाका प्रमुख सुन्दरप्रसाद शर्माले विगतको तुलनामा यस वर्ष वन डढेलोले विकराल रूप लिएको बताए । उनले देशको ७७ मध्ये ४७ जिल्लामा आगलागी भइरहेको जानकारी दिए । आगलागीबाट सर्वाधिक सल्यान, पाँचथर, कैलाली, सुर्खेत, डोटी, दैलेख, पाल्पा, सर्लाहीलगायत जिल्ला बढी प्रभावित छन् ।

प्राधिकरणका अनुसार गत पुस १५ देखि हालसम्म देशभर ४ हजार ५१२ वटा आगलागीका घटना भए । अघिल्लो वर्ष त १५ पुसदेखि १५ जेठसम्ममा २ हजार ५१९ वटा मात्रै आगलागीका घटना भएका थिए । त्यसअघि २०७९ को सोही अवधिमा १ हजार २३६ वटा डढेलोका घटना भएका थिए । डढेलो र आगलागीबाट गत वर्ष ११५ जनाले ज्यान गुमाएका थिए । २०७९ मा भने ११० जनाले ज्यान गुमाए । घाइते भएका सयौं छन् । वन्यजन्तुदेखि बहुमूल्य जडिबुटीसम्म नष्ट पारेको छ । जसबाट देशलाई अर्बौंको क्षति पुगेको पनि प्राधिकरणका कार्यकारी प्रमुख पोखरेलले प्रभावसँग बताए ।

'मौसम सुख्खा छ । तापक्रम पनि वृद्धि भएको छ । सोहीकारण वन डढेलो र आगलागीका प्रकोप बढेका छन् । यसबाट जनधनको क्षति भएको छ', उनले भने, 'जंगलमा रहेका बहुमूल्य जडिबुटी र वन्यजन्तुसमेत जलेर मरेका छन् । यसबाट राज्यलाई ठूलो नोक्सान परेको छ ।'

एकातिर डढेलो र आगलागीका घटनासँगै मृत्यु संख्या पनि बढ्दो छ । खासगरी डढेलो नियन्त्रणमा चुनौती पनि छ । किनभने डढेलो र आगो नियन्त्रण गर्ने दक्ष जनशक्तिको अभाव छ । सशस्त्र प्रहरीका प्रवक्ता राजेन्द्र खड्काले अभ्यस्त जनशक्तिसँगै फायर फाइटिङको निरन्तर तालिम, दमकल, वाटर क्यानल डढेलो निभाउन आवश्यक हुने बताए । तर पनि तालिम र जोगाउने उपकरण दिन नसकिएको उनको भनाइ छ । यससँगै वातावरणविद्हरूका अनुसार डढेलोका कारण वायु प्रदूषण ह्वात्तै बढेको छ । आकाशमा बाक्लो तुवाँलो छ । तुवाँलोकै कारण बुधबार पोखराबाट उडानहरू नै ठप्प भए ।

# 'उल्लु सर'लाई बेलायती अवार्ड

**काठमाडौं, (प्रस)** लाटोकोसेरो पंक्षी संरक्षणमा क्रियाशील कास्की पोखराका राजु आचार्य विश्व प्रसिद्ध ह्विट्ली पुरस्कारबाट पुरस्कृत भएका छन् ।

लाटोकोसेरो र वन्यजन्तुको संरक्षणमा विशिष्ट योगदान पुर्‍याएको भन्दै आचार्यलाई ५० हजार पाउन्डको उक्त अवार्डबाट पुरस्कृत गरिएको हो । बेलायती राजकुमारी एनले बुधबार लन्डनमा आयोजित एक समारोहमा आचार्यलाई पुरस्कार प्रदान गरिन् । आचार्यसँगै ब्राजिल, भुटान, पपुवा न्युगिनी, क्यामरुन र गुयानाका छ जना संरक्षणकर्मीहरूले उक्त पुरस्कार प्राप्त गरिएको थियो ।

विगत ३५ वर्षदेखि निरन्तर वन्यजन्तुको अध्ययन र संरक्षणमा क्रियाशील आचार्य 'प्रकृतिका साथीहरू' नामक संस्थाको कार्यकारी निर्देशकसमेत हुन् । उनी डेढ दशकभन्दा लामो समयदेखि लाटोकोसेरोको संरक्षणमा क्रियाशील छन् । आफूले प्राप्त गरेको पुरस्कार गण्डकी प्रदेशमा लाटोकोसेरो संरक्षणको काममा खर्च गर्ने आचार्यले जानकारी दिए । नेपाल सरकारले बनाएको १० बर्से 'लाटोकोसेरो संरक्षण कार्य योजना'ले तोकेको कार्यहरूमध्ये केहीमा पुरस्कार रकम खर्च गर्ने उनले बताए । 'मेरो जीवनको सबैभन्दा खुसीको दिन हो । यो पुरस्कार ती सबै चराको लागि समर्पित छ जो दुर्लभ नभएकै कारण अनुसन्धान र संरक्षणकर्मीको आँखामा परेका छैनन्,' आचार्यले भने ।

लाटोकोसेरोसम्बन्धी उनका पाँच पुस्तक प्रकाशित छन् । नेपालबाट विद्युतीय रूपमा प्रकाशित हुने लाटोकोसेरोसम्बन्धी पत्रिका 'हाप्सिलो' का सम्पादकसमेत रहेका आचार्यका १२५ भन्दा बढी प्रकृतिसम्बन्धि आलेखहरूसमेत प्रकाशित छन् । आचार्यकै सक्रियतामा प्रत्येक वर्ष लाटोकोसेरेको संरक्षणमा सचेतना जगाउने उद्देश्यका साथ 'नेपाल लाटोकोसेरो तथा हुचिल उत्सव' पनि सञ्चालन हुँदै आएको छ । लाटोकोसेरोका क्षेत्रमा क्रियाशील भएकै कारण उनलाई 'उल्लु सर' को उपमा पनि दिने गरिएको छ ।

लाटोकोसेरोका साथै ब्वाँसो, जंगली चौंरी, हिउँ चितुवा, ध्वाँसे चितुवा, वन कुकुर, साना माङ्साहारी, गिद्ध, कालिज, मानव-वन्य जन्तु द्वन्द्व, जैविक विविधता अभिलेखीकरण, वन कार्बन, समुदायमा आधारित प्रकृति संरक्षण, हरित विद्यालय आदि क्षेत्रमा पनि काम गरेका आचार्य सन् २०११ मा अमेरिकाबाट 'स्पेसल अचिभमेन्ट अवार्ड' र सन् २०१८मा नेपाल सरकारको 'राष्ट्रिय वन्यजन्तु संरक्षण पुरस्कार' लगायत पुरस्कृतबाट समेत पुरस्कृत भइसकेका छन् ।



# सक्षम बचत तथा ऋण सहकारी संस्था लि.

मध्यपुर थिमि-०३, कौशलटार, भक्तपुर, फोन नं. ०१-५६३९३१६, ईमेलः sakchhyamsaving@gmail.com

## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना

प्रथम प्रकाशित मिति २०८१/०१/२१

यस संस्थाबाट विभिन्न शिर्षक अर्न्तगत ऋण लिएका तपसिलमा उल्लेखित ऋणीहरुले ऋण लिदाँ गरिएको समझौता बमोजिम समय समयमा बुझाउनु पर्ने साँवा, ब्याज तथा अन्य दै दस्तुर आदि नबुझाई संस्थासँग गरिएका शर्त कबुलियतको उल्लंघन गरेको र संस्थाले ऋण चुक्ताभुक्तानको लागि पटक पटक विभिन्न माध्यमबाट ताकेता गर्दा समेत कर्जा चुक्ता नगरि बेवास्ता गरि बस्नुभएको तथा हालको समयमा पूरै सम्पर्क विहिन हुनु भएको हुनाले तपाईहरु तपसिलमा उल्लेखित ऋणी, व्यक्तिगत धनजमानी दिनेका नाममा यस संस्थाको सर्म्पकमा आउन तथा कर्जा चुक्ता भुक्तान गर्न आउने बारे यो ३५(पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यस सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिनभित्र यस संस्थाको सम्पर्कमा आई आफूले लिएको कर्जाको बुझाउन पर्ने साँवा, ब्याज तथा दै दस्तुर आदि समेत चुक्ता भुक्तानी गर्नुहोला साथै व्यक्तिगत धनजमानी बस्नेले पनि कर्जा चुक्ता गर्न पहल गर्नु होला । अन्यथा सो मिति भित्र ऋण भुक्तानी नगरेमा धितो सुरक्षण बापत संस्थाको नाममा लेखी लेखाई दिएको धितो र कथंकदाचित सो धितोबाट सम्पूर्ण लेना रकम असुलउपर हुन नसकेमा कानून बमोजिम कारवाही गरि सम्बन्धित ऋणी, जमानीकर्ता वा निजहरुको एकाघर संगोलका अंशियारहरुको नाउँमा रहेको चलअचल सम्पत्तिबाट समेत सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, बागमती प्रदेश सहकारी ऐन २०७६, को दफा ६५ र ६६, मध्यपुर थिमि सहकारी ऐन २०७९, संस्थाको ऋण तथा ऋण असुली निती तथा अन्य सम्बद्ध प्रचलित ऐन कानून बमोजिम धितो लिलाम बिक्री गरि तथा धितो नरहेको हकमा प्रचलित कानून बमोजिम सम्मानित अदालतमा मुद्दा दर्ता गरी वा अन्यकुनै उपयुक्त व्यवस्था गरि संस्थाको आफ्नो लेना रकम असुल उपर गरिने छ तथा सो मितिभित्र ऋण भुक्तानी नगरेमा ऋणी, जमानी तथा साक्षी बस्नेको तिनपुस्ते विवरण तथा फोटो सहितकर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्ने प्रकृया अघि बढाइने व्यहोरा एवम् सो विवरण संस्थाको सूचना पेटिका, सामाजिक संजालमा प्रकाशित गरिने व्यहोरा जानकारी गरिन्छ ।

| क्र.सं | ऋणीको विवरण | धनजमानीको विवरण |
|---|---|---|
| १. | नाम : टेक बहादुर वि.क.(रपाल)<br>बुबाको नाम : तुलसीराम विश्वकर्मा<br>बाजेको नाम : उद्धवराम विश्वकर्मा<br>श्रीमतीको नाम : गिता वि.क.<br>ना.प्र.प.नं.: ३०१०८६/१६८३९२<br>ठेगाना (ना.अ.)- सिसाखानी-५, काभ्रे | नाम : गिता वि.क.<br>ससुराको नाम : तुलसीराम विश्वकर्मा<br>श्रीमानको नाम : टेक बहादुर वि.क.(रपाल)<br>ठेगाना- सिसाखानी-५, काभ्रे |
| २. | नाम : संगिता दाहाल<br>बुबाको नाम : चिरञ्जीवी दाहाल<br>बाजेको नाम : यमनाथ दाहाल<br>पतिको नाम : साजन प्रसाद सापकोटा<br>ना.प्र.प.नं.: १०२०३१/५१६<br>ठेगाना (ना.अ.) -मादीमुलखर्क-१, संखुवासभा | नाम : साजन प्रसाद सापकोटा<br>बुबाको नाम : लक्ष्मी प्रसाद सापकोटा<br>बाजेको नाम :<br>श्रीमतीको नाम : संगिता दाहाल<br>ना.प्र.प.नं.: ३९६४८/१९३७<br>ठेगाना (ना.अ.)- पाँचखाल-८, काभ्रे |
| ३. | नाम : सरु सिल्वाल<br>बुबाको नाम : सुर्य प्रसाद भट्टराई<br>ससुराको नाम : उद्धवसिं सिलवाल<br>पतिको नाम : विनोद सिंह सिलवाल<br>ना.प्र.प.नं.: २९-०१-०६६-०३९८०<br>ठेगाना (ना.अ.) - मध्यपुर थिमि-१५, भक्तपुर | नाम : विनोद सिंह सिलवाल<br>बुबाको नाम : उद्धवसिं सिलवाल<br>बाजेको नाम :<br>श्रीमतीको नाम : सरु सिल्वाल<br>ना.प्र.प.नं.: ७६०<br>ठेगाना (ना.अ.)- लोकन्थली-३, भक्तपुर |
| ४. | नाम : भिम प्रसाद सापकोटा<br>बुबाको नाम : मोती कृतन सापकोटा<br>ससुराको नाम : ईन्द्र मणि सापकोटा<br>श्रीमतीको नाम : अप्सरा तिमलसिना<br>ना.प्र.प.नं.: ३०३०३३/४६९<br>ठेगाना (ना.अ.)- ढुंखर्क-२, काभ्रे | |
| ५. | नाम : ऐश्वर्य तामाङ्ग<br>बुबाको नाम : विष्णु बहादुर रन्जित<br>बाजेको नाम : गणेश बहादुर रन्जित<br>पतिको नाम : बुद्धविर तामाङ्ग<br>ना.प्र.प.नं.: ४२७४१<br>ठेगाना (ना.अ.) - कालिन्चोक-६, दोलखा | नाम : बुद्धविर तामाङ्ग<br>बुबाको नाम : कान्छा तामाङ्ग<br>बाजेको नाम :<br>श्रीमतीको नाम : ऐश्वर्य तामाङ्ग<br>ना.प्र.प.नं.: ४९८/९२११<br>ठेगाना (ना.अ.)- कालिन्चोक-६, दोलखा |
| ६. | नाम : दिपक उप्रेती<br>बुबाको नाम : सुरेन्द्र नाथ उप्रेती<br>बाजेको नाम : उद्धव उप्रेती<br>पतिको नाम : पार्वती उप्रेती<br>ना.प्र.प.नं.: १०४९१<br>ठेगाना (ना.अ.) - सपही-३, बारा | |
| ७. | नाम : सम्भुबाबु वास्तोला<br>बुबाको नाम : बद्रीनाथ वास्तोला<br>बाजेको नाम : बर्मलाल वास्तोला<br>श्रीमतीको नाम : उर्मिला थापा वास्तोला<br>ना.प्र.प.नं.: ५८९०/२१८<br>ठेगाना (ना.अ.)- नेचाबतासे-२, सोलुखुम्बु | नाम : उर्मिला थापा वास्तोला<br>बुबाको नाम : मोहन बहादुर थापा<br>ससुराको नाम : बद्रीनाथ वास्तोला<br>पतिको नाम : सम्भुबाबु वास्तोला<br>ना.प्र.प.नं.: ११-०१-७३-०१२६६<br>ठेगाना (ना.अ.)- नेचाबतासे-२, सोलुखुम्बु |
| ८. | नाम : मनिषा तामाङ्ग<br>बुबाको नाम : काजीमान तामाङ्ग<br>बाजेको नाम : बल बहादुर तामाङ्ग<br>पतिको नाम : सागर तामाङ्ग<br>ना.प्र.प.नं.: ३०३०७४/२०७<br>ठेगाना (ना.अ.) -ज्याम्दी-५, काभ्रे | |
| ९. | नाम : डिल्लु परियार<br>बुबाको नाम : दुर्गे परियार<br>ससुराको नाम : मुरली परियार<br>पतिको नाम : सुर्य बहादुर परियार<br>ना.प्र.प.नं.: २०१७५<br>ठेगाना (ना.अ.) - बालकोट-६, भक्तपुर | नाम : सुर्य बहादुर परियार<br>बुबाको नाम : मुरली परियार<br>बाजेको नाम :<br>श्रीमतीको नाम : डिल्लु परियार<br>ना.प्र.प.नं.: ५५८<br>ठेगाना (ना.अ.)- बालकोट-६, भक्तपुर |
| १०. | नाम : तुल बहादुर मगर<br>बुबाको नाम : गगन बहादुर मगर<br>बाजेको नाम : समान बहादुर मगर<br>श्रीमतीको नाम : मिन कुमारी खत्री<br>ना.प्र.प.नं.: १०४३/५३६७<br>ठेगाना (ना.अ.) - टोकरपुर-८, रामेछाप | नाम : मिन कुमारी खत्री<br>बुबाको नाम : भोज बहादुर खत्री<br>ससुराको नाम : गगन बहादुर मगर<br>पतिको नाम : तुल बहादुर मगर<br>ना.प्र.प.नं.: १४-०२-७६-००३६२<br>ठेगाना (ना.अ.)- ताप्ली-१, उदयपुर |
| ११. | नाम : रंग बहादुर राना मगर<br>बुबाको नाम : भक्त बहादुर राना मगर<br>बाजेको नाम : कर्ण बहादुर रानामगर<br>ना.प्र.प.नं.: २३०७<br>ठेगाना (ना.अ.) - चन्द्रपुर-१, रौतहट | नाम : बिकास महर्जन<br>बुबाको नाम : धन बहादुर महर्जन<br>ना.प्र.प.नं.: १६०५५<br>ठेगाना(ना.अ.)- कुलेश्वर-१४, काठमाडौं |
| १२. | नाम : राखि रेग्मी<br>बुबाको नाम : कृष्ण प्रसाद उपाध्याय रेग्मी<br>ससुराको नाम : गौरी शंकर उपाध्याय रेग्मी<br>पतिको नाम : मदन मोहन ज्ञावली<br>ना.प्र.प.नं.: १६०३१९३९५<br>ठेगाना (ना.अ.) - विरगंज-१६, पर्सा | नाम : मदन मोहन ज्ञावली<br>बुबाको नाम : गोविन्द प्रसाद उपाध्याय ज्ञावली<br>श्रीमतीको नाम : राखि रेग्मी<br>ना.प्र.प.नं.: १०२३<br>ठेगाना (ना.अ.)- कुसुन्ती, ललितपुर |
| १३. | नाम : सन्तोषी सिल्वाल खत्री<br>बुबाको नाम : बलराम सिल्वाल खत्री<br>बाजेको नाम : धन बहादुर सिल्वाल खत्री<br>पतिको नाम : राजकिशोर चौधरी<br>ना.प्र.प.नं.: १६२६९<br>ठेगाना(ना.अ.)- सुडाल-१, भक्तपुर | नाम : प्रदिप सिल्वाल खत्री<br>बुबाको नाम : बलराम सिल्वाल खत्री<br>बाजेको नाम : धन बहादुर सिल्वाल खत्री<br>ना.प्र.प.नं.: १०२२०<br>ठेगाना(ना.अ.)- सुडाल-१, भक्तपुर |
| १४. | नाम : केदार लुईटेल<br>बुबाको नाम : सुर्य प्रसाद लुईटेल<br>बाजेको नाम : हरी प्रसाद लुईटेल<br>श्रीमतीको नाम : शशीकला दाहाल<br>ना.प्र.प.नं.: ३११२/१७६०<br>ठेगाना(ना.अ.)- लेखर्क-८, भोजपुर | नाम : शशीकला दाहाल<br>बुबाको नाम : माधव प्रसाद दाहाल<br>ससुराको नाम : सुर्य प्रसाद लुईटेल<br>पतिको नाम : केदार लुईटेल<br>ना.प्र.प.नं.: ४५९३११९<br>ठेगाना(ना.अ.)- पथरिया-१, झापा |
| १५. | नाम : बिमला धिताल भट्टराई<br>बुबाको नाम : प्रेम प्रसाद धिताल<br>बाजेको नाम : धर्मानन्द धिताल<br>पतिको नाम : राजेश कुमार भट्टराई<br>ना.प्र.प.नं.: २०११०/२२११०<br>ठेगाना(ना.अ.)- सुनसरी-१, ईटहरी | नाम : राजेश कुमार भट्टराई<br>बुबाको नाम : चन्द्रकान्त भट्टराई<br>बाजेको नाम : शिवनिधि भट्टराई<br>श्रीमतीको नाम : बिमला धिताल भट्टराई<br>ना.प्र.प.नं.: ११४/३९०२८<br>ठेगाना(ना.अ.)- डाँगीहाट-१, मोरङ |
| १६. | नाम : ईश्वर साखकर्मी<br>बुबाको नाम : बाबुकाजी साखकर्मी<br>बाजेको नाम : रतन कुमार साखकर्मी<br>श्रीमतीको नाम : रिता साखकर्मी<br>ना.प्र.प.नं.: ४८९७<br>ठेगाना(ना.अ.)- ताथली-९, भक्तपुर | नाम : राजाराम छुस्याबाग<br>बुबाको नाम : आसकाजी छुस्याबाग<br>ना.प्र.प.नं.: २९-०१-०६८-०३१४१<br>ठेगाना(ना.अ.)- ताथली-९, भक्तपुर |
| १७. | नाम : बलराम थारु<br>बुबाको नाम : ढेपलु दास थारु<br>बाजेको नाम : ढोदलु सदार थारु<br>श्रीमतीको नाम : हरेश कुमारी थारु<br>ना.प्र.प.नं.: ३१५६<br>ठेगाना(ना.अ.)- कसेनी-९, मोरङ | नाम : हरेश कुमारी थारु<br>बुबाको नाम : सुगमलाल भगत थारु<br>ससुराको नाम : ढेपलु दास थारु<br>पतिको नाम : बलराम थारु<br>ना.प्र.प.नं.: ३२६८/४५३<br>ठेगाना(ना.अ.)- कसेनी-५, मोरङ |
| १८. | नाम : बालकृष्ण मिजार<br>बुबाको नाम : रत्ने मिजार<br>बाजेको नाम : लाले मिजार<br>श्रीमतीको नाम : निर्मला मिजार<br>ना.प्र.प.नं.: २०३०१४/२११<br>ठेगाना(ना.अ.)- कटुञ्जे-३, भक्तपुर | नाम : निर्मला मिजार<br>बुबाको नाम : जुठे सार्की<br>ससुराको नाम : रत्ने मिजार<br>पतिको नाम : बालकृष्ण मिजार<br>ना.प्र.प.नं.: २९-०१-०६८-०३३०३<br>ठेगाना(ना.अ.)- कटुञ्जे-३, भक्तपुर |
| १९. | नाम : नरेन्द्रराज तिमल्सेना<br>बुबाको नाम : गणेश प्रसाद तिमल्सेना<br>बाजेको नाम : भागिरथ तिमल्सेना<br>श्रीमतीको नाम : मन्दिरा तिमल्सेना<br>ना.प्र.प.नं.: ६८६३<br>ठेगाना(ना.अ.)- खोटेहाङ्ग-१, खोटाङ्ग | नाम : मन्दिरा तिमल्सेना<br>बुबाको नाम : पुन्य प्रसाद न्यौपाने<br>ससुराको नाम : गणेश प्रसाद तिमल्सेना<br>पतिको नाम : नरेन्द्रराज तिमल्सेना<br>ना.प्र.प.नं.: १३६१<br>ठेगाना(ना.अ.)- लिकुवापोखरी-२, खोटाङ्ग |
| २०. | नाम : मखमली तामाङ्ग मुक्तान<br>बुबाको नाम : धन बहादुर तामाङ्ग<br>ससुराको नाम : नारायण मुक्तान<br>पतिको नाम : प्रेम बहादुर मुक्तान<br>ना.प्र.प.नं.:२०-०१-७३-०३५६२<br>ठेगाना(ना.अ.)- रानीचुरी-९, सिन्धुली | |
| २१. | नाम : रमेशनाथ सिटौला<br>बुबाको नाम : गोविन्द नाथ सिटौला<br>बाजेको नाम : रण सिटौला<br>ना.प्र.प.नं.:२०९८०<br>ठेगाना(ना.अ.)- मातातिर्थ-९, काठमाण्डौ | |
| २२. | नाम : रमेश बस्नेत<br>बुबाको नाम : कृष्ण बहादुर बस्नेत<br>बाजेको नाम : शेर बहादुर बस्नेत<br>श्रीमतीको नाम : रूपा बस्नेत<br>ना.प्र.प.नं.:७००९<br>ठेगाना(ना.अ.) - सिरुटार-८, भक्तपुर | नाम : रूपा बस्नेत<br>बुबाको नाम : मिन बहादुर केसी<br>ससुराको नाम : कृष्ण बहादुर बस्नेत<br>पतिको नाम : रमेश बस्नेत<br>ना.प्र.प.नं.:३१९२८<br>ठेगाना(ना.अ.)- सिरुटार-८, भक्तपुर |
| २३. | नाम : सन्तोष बम्जन<br>बुबाको नाम : अन्चलाल बम्जन<br>बाजेको नाम : नर बहादुर बम्जन<br>ना.प्र.प.नं.:२०१०२७/२१९<br>ठेगाना(ना.अ.)- भद्रकाली-५, सिन्धुली | नाम : मन कुमारी गिरी<br>बुबाको नाम : चन्द्र बहादुर गिरी<br>बाजेको नाम : मन बहादुर गिरी<br>ना.प्र.प.नं.: २४३०५४/२७०<br>ठेगाना(ना.अ.)- साँगाचोक-४,सिन्धुपाल्चोक |
| २४. | नाम : प्रतिक्षा राजथला<br>बुबाको नाम : कृष्ण लाल राजथला<br>बाजेको नाम : बुद्धीलाल राजथला<br>श्रीमानको नाम : बलराम राजभण्डारी<br>ना.प्र.प.नं.:३८३५६<br>ठेगाना(ना.अ.)- धनगढी-४, कैलाली | नाम : बलराम राजभण्डारी<br>बुबाको नाम : माधव प्रसाद राजभण्डारी<br>श्रीमतीको नाम : प्रतिक्षा राजथला<br>ना.प्र.प.नं.: २७५७<br>ठेगाना(ना.अ.)- त्रि.न.-११, दाङ्ग |

# सूचना प्रविधिको क्षेत्रमा प्रचुर सम्भावना



**काठमाडौं–** सूचना तथा प्रविधि क्षेत्रले विकासको प्रचूर सम्भावना बोकेकामा विज्ञहरु एकमत देखिएका छन् ।

सञ्चार तथा सूचना प्रविधि प्रयोगको तीव्र विकाससँगै प्रविधिमैत्री समाजको निर्माणले गति लिइरहँदा यसले रोजगारीका ढोका पनि खोलिरहेको उनीहरूको भनाइ छ ।

सूचना तथा सञ्चार प्रविधि मन्त्रालयका सहसचिव अनिलकुमार दत्तले कृषि, पर्यटनसँगै सूचना प्रविधि क्षेत्रले पनि विकासको प्रचूर सम्भावना बोकेको बताए ।'सूचना प्रविधिको क्षेत्र विशाल र सीमाविहीन छ । नेपालमै बसेर पनि विदेशमा काम गर्न सकिने सुविधासमेत भएकाले नेपालमा रहेका आइटी विज्ञ युवाले लाभ लिनसक्छन्,' उनले भने । दत्तले अघिल्लो वर्षको एउटा अध्ययनले ६४ हजारले आइसिटी क्षेत्रमा काम गरिरहेको र नेपालमै बसेर डलर भित्र्याएको बताए ।

मुलुकमा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रवर्द्धन गर्ने उद्देश्यले हरेक वर्ष मे २ तारिखका दिन राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस मनाइने गरिएको छ । नेपालमा विसं २०२८ सालमा कम्प्युटर भित्रिएको थियो । पछि सन् १९९२ मा नेपालमा कम्प्युटर एशोसिएशन नेपाल (क्यान) को स्थापना थियो भने क्यान स्थापना भएको दिनलाई सूचना प्रविधि दिवसका रूपमा मनाउन थालेको हो ।

यो वर्ष 'समृद्ध नेपालको आधार, सूचना प्रविधि र सञ्चार' भन्ने मूल नाराका साथ सातौं राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस, २०८१ मनाइयो । राष्ट्रिय सूचना आयोगकी सूचना आयुक्त कमला ओली थापाले वर्तमान विश्वलाई सूचना तथा प्रविधिले हाकेकाकाले यसको यसको महत्व दिनानुदिन बढ्दैगएको बताए । 'सूचनाविना न मान्छे न त राष्ट्रले नै विकास गर्न सक्छ । अहिले त मानिसको जीवन नै सूचना प्रविधिसँग जोडिएको छ । त्यसर्थ सूचनाको सहज पहुँच गराउन र सूचनामा पारदर्शिताको खाँचो छ', उनले भने ।

तीव्र आर्थिक विकासमा सूचना प्रविधिको उपयोग अपरिहार्य रहेकोले सरकारले ' डिजिटल नेपाल फ्रेमवर्क २०७६' अगाडि बढाएर हरेक क्षेत्रलाई प्रविधिमैत्री बनाउने लक्ष्य लिएको छ । सो लक्ष्य हासिल गर्न युवा जनशक्तिको क्षमतामा अभिवृद्धि गन जरूरी रहेको मन्त्रालयका सहसचिव दत्तको भनाइ छ । 'सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित वर्षभरीको प्रगति, यस क्षेत्रमा देखिएका चुनौती र आगामी कार्यजनाको छलफल गर्न पनि यो दिवस मनाउछौँ । हाम्रो मुख्य लक्ष्य युवा केन्द्रित हुनुपर्छ र त्यसका लागि युवाको क्षमता अभिवृद्धिका कार्यक्रम आवश्यक छन्,' उनी भन्छन् ।

उनले यो क्षेत्रको विकासका लागि आगामी आर्थिक वर्षबाट 'हाइ स्किल प्रोगाम' ल्याउने र त्यसले सूचना प्रविधिको विकासमा थप योगदान पुग्ने अपेक्षा गरिएको छ । भर्खरै सम्पन्न तेस्रो लगानी सम्मेलनमा डाटा सेन्टर स्थापनाका लागि भारतीय कम्पनीसँग सम्झौता भइसकेको र सोसम्बन्धी काम अगाडि बढे थप सहजता हुने धेरैको विश्वास छ ।

सहसचिव दत्तले आइटी पार्क वा टेक्नो पार्कको अवधारणाबारे सोच निर्माण भइरहेको र वैदेशिक लगानीका माइक्रोसफ्ट, गुगलजस्ता कम्पनीलाई नेपाल भित्र्याउन नीति तथा कानुनमा सुधारका काम पनि सँगसँगै अगाडि बढाइने बताए । युग सुहाउँदो पूर्वाधार र प्रतिस्पर्धी क्षमता विकासमा पनि सरकारले आवश्यक काम गर्ने उनको भनाइ छ । ' हामीलाई हाइस्पिड इन्टरनेट, सबै ठाउँमा अप्टिकल फाइबर र सोहीअनुसारको ब्रोडब्याण्ड कनेक्टिभिटी र सफ्टवेयरको विकास पनि जरूरी छ । सरकारले यस विषयमा पनि आवश्यक काम गर्छौं, उनले भने ।

विज्ञहरूले सूचना तथा सञ्चार प्रविधिलाई विश्वव्यापी रूपमा नै देश विकासको प्रमुख आधार मान्ने गरिएकाले नेपालले पनि यसलाई प्राथमिकतामा राखेर आवश्यक पूर्वाधार निर्माण र क्षमता विकासमा जोड दिनुपर्ने आवश्यकता औंल्याएका छन् । मन्त्रालयअन्तर्गतको सूचना प्रविधि विभागका महानिर्देशक प्रेमशरण श्रेष्ठले यस क्षेत्रमा सरकारले सुधारका प्रयास बढाउँदै लगिरहेको बताए । *रासस*

# मुगुका यार्सा पाटन जेठ १५ बाट खुल्ने

**मुगु–** मुगुम कार्मारोङ गाउँपालिकाका विभिन्न पाटन क्षेत्रमा पाइने यार्सागुम्बा संकलन लागि जेठ १५ गतेदेखि प्रवेश खुला गरिने भएको छ । पाटन क्षेत्रमा यार्सा सङ्कलन सुरु गर्ने निर्णय भएको मुगुम कार्मारोङ गाउँपालिकाका अध्यक्ष छिरिङ क्याप्ने लामाले जानकारी दिए ।

जिल्ला बाहिरकालाई प्रतिव्यक्ति रु दुई हजार पाँच सय र जिल्ला भित्रकालाई प्रतिव्यक्ति रु दुई हजार यार्सा संकलन प्रवेश शुल्क निर्धारण गरिएको छ । अध्यक्ष लामाका अनुसार प्रवेश शुल्क नतिरी लुकीचोरी पाटनमा पुगेर यार्सा टिप्ने जो कोहीलाई कारबाही गर्ने निर्णय पनि पालिकाले गरिएको छ ।

चैतदेखि पाटनमा यार्सा उम्रिने सुरु हुने र जेठबाट स्थानीयले टिप्ने गरेको किम्री गाउँका स्थानीय फोन्जुक तामाङले बताए । गर्मीले पाटन क्षेत्रमा हिउँ पग्लिँदै जाने र यार्साको टुसा माथि जमिनमा देखिन थालेपछि टिप्न सजिलो हुने गर्दछ ।

मुगुका पाटन क्षेत्रमा उम्रिने यार्सा सङ्कलन गर्न जिल्ला बाहिर र जिल्लाबासी बर्सेनि वैशाखदेखि असारसम्म पाटन पुग्ने गरेका छन् । छोटो समयमा यार्सा सङ्कलनबाट राम्रो आम्दानी हुने भएकाले कार्मारोङ गाउँपालिकासहित मुगु जिल्लाका अन्य पालिकाका गाउँ बस्तीका काम गर्नसक्ने उमेर स्थानीय बुढापाका र बालबच्चा चौपाया बस्तु घरमा छाडेर पाटन उक्लिने गर्दछन् ।

पाटनमा डेढ महिनासम्म यार्सा टिपेर स्थानीय फर्किने गरेका छन् । गत वर्ष मुगुको पाटन क्षेत्रमा अत्यधिकमात्रामा यार्सा पाइएको र यो वर्ष खडेरी परेको र हिउँ कम परेकाले यार्सा कमै पाइने स्थानीयको अनुमान छ । मुगुको पाटन क्षेत्रमा पाइने यार्सा प्रतिगोटा रु पाँच सयदेखि एक हजारमा बिक्री हुने गरेको छ । यार्सा सङ्कलन क्षेत्रमा चोरी डकैती लुटपाट नहोस् भन्ने हिसाबले जिल्ला प्रशासन कार्यालयले सुरक्षाकर्मी खटाउँदै आएको छ भने पाटनमा स्वास्थ्यका कर्मचारी पनि यार्सा सङ्कलनको स्वास्थ्य उपचारका लागि खटिने गर्दछन् ।

मुगुम कार्मारोङ गाउँपालिकाको सानो कोइकी, ठूलो कोइकी, रिमार, टाके, हाङ्दाङखोला, छापाखोलालगायत दुई दर्जन पाटनमा बढी यार्सा पाइने गरेको छ । यार्सा टिप्न कार्णालीका १० वटै जिल्ला र देशका अन्य जिल्ला बाजुरा, अछाम, बझाङ, पोखरा, मनाङ र मुस्ताङ, सिन्धुपाल्चोकबाट पनि मान्छे पाटनमा पुग्ने गर्दछन् ।

संकलकबाट यार्सा खरिद गर्न काठमाडौं, पोखरा, बझाङ, डोल्पाबाट व्यापारी हेलिकप्टरमै पाटनमा आउने गरेका छन् । गत वर्ष लुकिछिपी यार्सा टिप्न पाटन क्षेत्रमा पुगेका तीन जना संकलकको हिउँपहिरोमा परी मृत्यु भएको थियो । *रासस*


## भोक्राहा नरसिंह गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
चिरौली ,सुनसरी
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

प्रकाशित मितिः २०८१/०१/२१)

यस गाउँपालिकाबाट तपसिलको कार्यका लागि सौर्य राष्ट्रिय दैनिकमा मिति २०८०/१०/०४ गते प्रकाशित ई-बिड बोलपत्र सूचना बमोजिम प्राप्त भएका सम्पूर्ण बोलपत्रहरु मध्ये तपसिलको सफल बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि छनोट भई आएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ को प्रयोजनार्थ सम्पूर्ण सम्बन्धित सरोकारवालाहरुलाई जानकारीका लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

तपसिलः

| सि.नं. | ठेक्का नं.– योजनाको नाम | बोलपत्र छनौट गरिएको फर्मको नाम र ठेगाना कबोल अंक रकम (भ्याट र पि.एस. समेत) | कबोल अंक रकम (भ्याट र पि.एस. समेत) |
|---|---|---|---|
| 1. | BNRM/02/GOODS/MOTOR- "Supply of Electric Motor with Pumpset" | Ram Laxmi Motor House, Narayangarh, Chitwan | NPR 59,95,215.00 |

प्रमुख प्रशासकीय अधिकृत



## लम्कीचुहा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति : २०८१/०१/२१ गते, शुक्रबार)

मिति २०८०/११/३० गते प्रथम पटक प्रकाशित विद्युतीय बोलपत्र आव्हानको सूचना सम्बन्धी सूचना अनुसार निम्न कार्यका लागि पर्न आएका बोलपत्रहरू मध्ये तपसिल बमोजिमका बोलपत्रदाताको न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको लागि मूल्याङ्कन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| सि.नं | ठेक्का नं. | आयोजनाको नाम/ कामको विवरण | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (मू.अ. कर सहित) |
|---|---|---|---|---|
| 1. | 17/LCM/W/ 2080/081 | Construction of Bhalka Hospital building | Malika Masta-Betalmandu J.V, Lamkichuha-6, Gulra, Kailali | 24731437.2 |

नगर प्रमुख प्रशासकीय अधिकृत



## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/०१/२१)

तपशिलमा उल्लिखित ऋणीहरुले यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था) बाट उपभोग गर्नुभएको कर्जाको समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना व्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वितीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चल अचल सम्पति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण | | |
|---|---|---|---|
| **१. शुभ होटल एण्ड खाजा घर**<br>प्राइभेट फर्म दर्ता नं. : ११०५९<br>ठेगाना : काठमाडौं म.न.पा. ०६, काठमाडौं<br>**कर्जा शीर्षक : लघु आवधिक कर्जा** | **१. शुसिला मगर**<br>ना.प्र.नं. : ०७ १००८/६८०<br>जारी मिति : २०६७/११/१९<br>जि.प्र.का. : धनकुटा<br>पति : भगत सि मगर<br>ससुरा : बलि कुमार मगर | **२. भगत सि मगर**<br>ना.प्र.नं. : ०७ ३५१<br>जारी मिति : २०४४/११/०९<br>जि.प्र.का. : धनकुटा<br>बाबु : बलि कुमार मगर<br>बाजे : नरपति मगर | |
| **ऋणीको विवरण** | **व्यक्तिगत जमानीकर्ताको विवरण** | | |
| **२. बराईली कलात्मक सुनचाँदी उद्योग**<br>प्रा.फ.द.प्र.प.नं : ६८६६/४२८/०७६/०७७<br>ठेगाना : निलकण्ठ न.पा. ०३, धादिङ<br>**कर्जा शीर्षक : लघु आवधिक कर्जा** | **१. बिशाल बराइली**<br>ना.प्र.नं. : ५३९२<br>जारी मिति : २०६२/१०/०७<br>जि.प्र.का. : धादिङ<br>बाबु : चुडे कामी<br>बाजे : नाम प्राप्त नभएको | **२. जुना बराइली**<br>ना.प्र.नं. : २६-०१-७४-०१६८४<br>जारी मिति : २०७४/०३/०५<br>जि.प्र.का. : धादिङ<br>पति : बिशाल बराइली<br>ससुरा : चुडे कामी | **३. अन्जना बराइली**<br>ना.प्र.नं. : २६-०१-७४-००१६१<br>जारी मिति : २०७४/०१/०७<br>जि.प्र.का. : धादिङ<br>बाबु : बिशाल बराइली<br>बाजे : चुडे कामी |
| **धितोको विवरण** | | | |
| जुना बराइलीको नाममा धादिङ जिल्ला मालपोत कार्यालय धादिङमा दर्ता कायम रहेको धादिङ जिल्ला, मुरलीभञ्ज्याङ्ग गा.वि.स./न.पा. वडा नं. ७(क) स्थित कि.नं. २५४ (०-७-०-० रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | | | |
| **ऋणीको विवरण** | **व्यक्तिगत जमानीकर्ताको विवरण** | | |
| **३. लक्ष्मी बस्त्रालय कलेक्शन**<br>प्रा.फ.र.नं. : ३-३३-३७४-१५६१२०/२०७७/७८<br>ठेगाना : मध्यपुर थिमी ०३, भक्तपुर<br>**कर्जा शीर्षक : आवधिक कर्जा** | **१. लक्ष्मी प्रजापति**<br>ना.प्र.नं. : ३३४३०<br>जारी मिति : २०६३/०६/१२<br>जि.प्र.का. : भक्तपुर<br>पति : सविन प्रजापति<br>ससुरा : सानु प्रजापति | **२. सन्जन प्रजापति**<br>ना.प्र.नं. : २९-०१-०६८-००७०५<br>जारी मिति : २०६८/०२/११<br>जि.प्र.का. : भक्तपुर<br>बाबु : सविन प्रजापति<br>बाजे : सानु प्रजापति | **३. सविन प्रजापति**<br>ना.प्र.नं. : १७९५<br>जारी मिति : २०४५/११/१७<br>जि.प्र.का. : भक्तपुर<br>बाबु : सानु प्रजापति<br>बाजे : कृष्ण मान प्रजापति |
| | **४. सुसन प्रजापति**<br>ना.प्र.नं. : २९-०१-०६८-००७०६<br>जारी मिति : २०६८/०२/११<br>जि.प्र.का. : भक्तपुर<br>बाबु : सविन प्रजापति<br>बाजे : सानु प्रजापति | | |
| **ऋणीको विवरण** | **व्यक्तिगत जमानीकर्ताको विवरण** | | |
| **४. नन्द कस्मेटिक एण्ड फेन्सी स्टोर**<br>प्रा.फ.र.नं. : १५५३३९/०७७/७८<br>ठेगाना : मध्यपुर ठिमी ०३, भक्तपुर<br>**कर्जा शीर्षक : आवधिक कर्जा** | **१. मिना श्रेष्ठ**<br>ना.प्र.नं. : १५५३३१<br>जारी मिति : २०६३/०७/२६<br>जि.प्र.का. : सिन्धुपाल्चोक<br>पति : महेश्वर श्रेष्ठ<br>ससुरा : बाबु कृष्ण श्रेष्ठ | **२. महेश्वर श्रेष्ठ**<br>ना.प्र.नं. : ७६३२<br>जारी मिति : २०५७/०७/१९<br>जि.प्र.का. : भक्तपुर<br>बाबु : बाबु कृष्ण श्रेष्ठ<br>बाजे : जगत कृष्ण श्रेष्ठ | |
| **ऋणीको विवरण** | **व्यक्तिगत जमानीकर्ताको विवरण** | | |
| **५. ऋणी : इन्दिरा कृषि फार्म प्रा. लि.**<br>दर्ता नं . : १५११६८/७२/०७३<br>ठेगाना : चन्द्रागिरी १०, काठमाडौं<br>**कर्जा शीर्षक : आवधिक कर्जा** | **१. इन्द्र कुमारी तामाङ्ग**<br>ना.प्र.नं. : २५५<br>मिति : २०५५/०२/१३<br>जि.प्र.का. : धनकुटा<br>पति : भक्त बहादुर तामाङ्ग<br>ससुरा : वहादुर तामाङ्ग | **२. भक्त बहादुर तामाङ**<br>ना.प्र.नं. : ७३६<br>मिति : २०४५/०१/२२<br>जि.प्र.का. : धनकुटा<br>बाबु : बहादुर तामाङ्ग<br>बाजे : लाल बहादुर तामाङ्ग | **३. सिमन तामाङ**<br>ना.प्र.नं. : ०७-०१-७३-०२०१३<br>मिति : २०७३/०७/३०<br>जि.प्र.का. : धनकुटा<br>बाबु : भक्त बहादुर तामाङ्ग<br>बाजे : बहादुर तामाङ्ग |
| | **४. रेणुका तामाङ्ग**<br>ना.प्र.नं. : ०७-०१-७०-०६३३८<br>मिति : २०७०/०७/०४<br>जि.प्र.का. : धनकुटा<br>बाबु : भक्त बहादुर तामाङ्ग<br>बाजे : बहादुर तामाङ्ग | | |
| **ऋणीको विवरण** | **व्यक्तिगत जमानीकर्ताको विवरण** | | **धितोको विवरण** |
| **६. बलियो कन्स्ट्रक्सन प्रा.लि.**<br>दर्ता.नं. : २६११३०/०७७/०७८<br>ठेगाना : टोखा २६, काठमाडौं<br>**कर्जा शीर्षक : सवारी साधन खरिद कर्जा** | **१. जगत बहादुर अर्याल**<br>ना.प्र.नं. : २६१/६३९९२<br>मिति : २०६९/१२/२३<br>जि.प्र.का. : धादिङ्ग<br>बाबु : मिन बहादुर अर्याल<br>बाजे : लाल बहादुर अर्याल | **२. लक्ष्मण गुरुङ्ग**<br>ना.प्र.नं. : ४३६३९<br>मिति : २०५८/०४/२६<br>जि.प्र.का. : धादिङ्ग<br>बाबु : जगत बहादुर गुरुङ्ग<br>बाजे : टेक बहादुर गुरुङ्ग | यस बैंकको नाममा दर्ता रहेका तपसिल बमोजिमका सवारी साधनहरु :<br>क) कम्पनीको नाम : NISSAN MOTORS<br>सवारीको मोडेल : NISSAN MAGNITE HR10 PRM[XVP]<br>निर्माण वर्ष : २०२१<br>च्यासिस नं. : MDHFBADD0M9032388<br>ईन्जिन नं. : 016994C<br>सवारी दर्ता नं. : बा प्रदेश ०१ ०२६ च ३१२७ |

NIMB
NEPAL INVESTMENT MEGA BANK LTD.
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# बजेट बहस सकारात्मक होस्

सरकारले वैशाख २८ गते बजेट अधिवेशन बोलाएको छ। बजेट देश बनाउने खाका हो। सरकारले यसपटक 'निराशा चिर्दै, भरोसा जगाउँदै' नारालाई प्राथमिकतामा राख्ने भएको छ । बजेट आउनुअघि यसपटक प्रिबजेट छलफल शुरुवात भएको थियो। तर सदन अवरोधका कारण बजेटबारे प्रशस्त छलफल हुन सकेन । देशको अर्थतन्त्र ओरालो लागेको अवस्थामा आउन लागेको बजेटले नागरिकमा आशा जगाउनुपर्नेछ ।

अहिले धेरैजसो आर्थिक संस्था र व्यक्तिको लगानी जग्गा र रियल स्टेटमा फसेको छ । यहीबीचमा सहकारी र बैंकहरुमा समस्या देखिन थालेको हो। ठुला बैंकहरु भने पैसा लगानी गर्न नपाएर समस्यामा फसेका छन् । यो चंगुलबाट अर्थतन्त्रलाई उकास्ने शैलीको बजेट अहिलेको आवश्यकता हो । तर सरकारले नीति तथा कार्यक्रमबारे छलफलको समय निकै कम पाउने देखिएको छ । किनभने जेठ १५ गते आगामी आर्थिक वर्षको बजेट ल्याउनैपर्छ । त्यसअघि थोरै समय राखेरमात्र बजेट अधिवेशन बोलाइएको छ। प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस सहकारी प्रकरणको विषयमा संसदीय छानबिन समितिको मागबाट पछि हट्ने देखिँदैन। जसकारण सदन अवरोध जारी हुने देखिन्छ।

नीति तथा कार्यक्रममाथि वृहत छलफलका लागि सरकारले सदनमा सहज वातावरण निर्माण गनुपर्छ। यसका लागि कांग्रेसको मागलाई सम्बोधन गर्नुपर्ने देखिन्छ। यस्तो भएमा नीति तथा कार्यक्रममाथि बहस राम्रो हुने र यसको प्रतिफल पनि राम्रो हुन्छ। अर्थमन्त्री वर्षमान पुनले यो वर्ष आर्थिक वृद्धि साढे चार प्रतिशत पुग्ने दाबी गरेका छन्। केही सकारात्मक गतिविधि राम्रो भएकोले यस्तो अनुमान गरिएको उनले बताए। अर्थमन्त्रीले आर्थिक गतिविधि राम्रो भएको दाबी गरेपनि अहिले व्यवसायी व्यापार खस्केर मन्दीमा पुगेका छन्। लगानी सम्मेलन नाममात्रको भएको छ। यस्तो बेला विश्व बैंकले आगामी वर्ष नेपालको आर्थिक वृद्धि ३.३ प्रक्षेपण गरेको छ। यसैगरी एसियाली विकास बैंक(एडिबी)ले ३.६ र राष्ट्रिय तथ्यांक कार्यालयले मंगलबार ३.८७ प्रतिशत हुने अनुमान गरेका छन्।

राष्ट्रिय योजना आयोगको अर्कै अनुमान छ। राष्ट्रिय योजनाहरुमा विशेष ध्यान दिन नसक्दा नेपालको बजेट जहिल्यै फितलो हुँदै आएको छ । अहिले उपभोग्य वस्तु सस्तिए पनि बजार पाउन सकेको छैन। यस्तो अवस्थामा सरकारले मन्दीलाई सम्बोधन गर्ने खालको र आशा जगाउने खालको बजेट ल्याउन सक्नुपर्छ। यस विषयमा सदनमा वृहत्तर छलफल हुनुपर्छ।

## मनन्योग्य

### चाणक्य नीति

बिहानैदेखि महानन्दका राज्यमा एक ब्राह्मणको हत्या हुँदैछ भन्ने राजाज्ञा डढेलोजस्तो गरी फैलन थाल्यो । ती आचार्य ब्राह्मण धर्म, साहित्य राजनीतिका महान् पण्डित हुन्, तर कसैमा महानन्दको यो कठोर आज्ञाको विरोधमा मुख खोल्ने सामर्थ्य थिएन ।

दण्डको आज्ञाको पहिलो दिन त बित्यो । दोस्रो दिन विहान जेलभित्र बसेर महात्मा चणक विचारमग्न थिए, उनलाई बराबर कौटिल्यको सम्झना आइरहन्थ्यो । कहाँ होला कौटिल्य र कतै नन्दका गुप्तचरका हातमा त परेन ? तर अहँ यस्तो हुन सक्तैन, धेरै बुद्धिमान् छ कौटिल्य । ऊ हिँड्दा त पाइला-पाइला फुकेर हिँड्छ र फेरि मेरो सपना त उसैले पूरा गर्छ । यस्तै मानसिक प्रश्न उत्तरका बीच अचानक चणकको तन्द्रा भंग भयो । हेर्दा महामात्य राक्षस सामुन्नेमा थिए ।

'कुशल त छ आचार्य ।' राक्षसले फेरि हिजोको आफ्ना कुरा आग्रह गरी दोहोऱ्याएर भन्यो- आचार्य । अब पनि समय छ ! चणकले व्यंग्यपूर्वक भने- 'अब केही घण्टाको कुरा हो, महाराज नन्दको आँखामा घोच्ने कोंढा अब नष्ट हुन्छ, अनि तपाईंको मनलाई पनि शान्ति मिल्नेछ ।'

राक्षस- आचार्य चणकको मृत्युले सुख हैन, दुःख मिल्छ यस्ता बुद्धिमान्को पूर्ति मगधमा न जाने कति समयपछि होला । चणक- तपाईंको सद्भावनाका लागि धन्यवाद । चिन्ता नगर्नोस् चणकका भस्मद्वारा झट्टै नै अनेकौं चणक मगधमा पैदा हुनेछन् ।

हुँ .... हुँकार गर्दै 'त्यसो भए कुनै उपाय नै छैन, यी ब्राह्मणले मृत्युदण्ड भोग्नु नै पर्छ।' यस्तै कुरा सोचेर राक्षस पुनः राजभवनतिर लागे ।

चणकको काटिएको शिर राजधानीको प्रमुख चौबाटोमा अग्लो बाँसमा टाँगिएको थियो । बाँसमा टाँगिएको एउटा पाटीमा मोटा अक्षर मगधका राजद्रोहीको यही परिणाम हुनेछ भनी लेखिएको थियो । **क्रमश :**

# आर्थिक समृद्धिको नवीन आधार सूचना प्रविधिको बिस्तार



रेखा शर्मा

> भर्खरै सम्पन्न लगानी सम्मेलनमार्फत सञ्चार मन्त्रालयले अघि सारेका डेटा सेन्टर, आइटी/टेक्नोपार्क, कम्प्युटर हार्डवेयर एसेम्बली प्लान्ट, आइसिटी ट्रेनिङ सेन्टर, डिजिटल सर्भिस सेन्टर, स्मार्ट फोन म्यानुफ्याक्चर तथा एसेम्बली प्लान्ट, इन्कुवेशन सेन्टरलगायतका परियोजनामा लगानी सुनिश्चित गर्न सकियो भने नेपालको आर्थिक समृद्धिमा नयाँ आयाम थपिने छ । अबको विश्व अर्थतन्त्र भनेको डिजिटल अर्थतन्त्र नै हो र यसको विकास डिजिटल रुपान्तरणबाट मात्रै सम्भव हुने छ ।

सरकारले सूचना तथा सञ्चार प्रविधि क्षेत्रको विकासलाई उच्च प्राथमिकतामा राखेको छ । सरकारको कूल पुँजीगत बजेटको न्यूनतम एक प्रतिशत रकम अनुसन्धान, नवप्रवर्तन र आविष्कारमा खर्च गर्ने नीति लिएको छ । सूचना तथा सञ्चार प्रविधि हरेक मानिसको आधारभूत आवश्यकता र अर्थतन्त्र वृद्धिको ज्पूर्ण आधार बन्दै गएको यो सन्दर्भमा यो क्षेत्रमा युवाहरूलाई थप आकर्षित गर्न र उद्यमशीलता तथा नवप्रवर्द्धनमा प्रोत्साहित गर्न यो वर्षदेखि सरकारले केही नयाँ कार्यक्रम गर्ने योजना अघि बढाएको छ ।

सम्माननीय प्रधानमन्त्रीको नेतृत्वमा सरकारले जसरी सुशासन र सामाजिक न्यायसहितको समृद्ध नेपाल निर्माण गर्ने महाअभियान थालेको छ, यसमा सूचना प्रविधि महत्त्वपूर्ण आधार बन्ने छ । नेपाल सरकारले मे २ लाई राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवसको रूपमा मनाउने निर्णय गरेसँगै हरेक वर्ष यसैदिन दिन यो दिवस मनाउने गरिन्छ। बिहीबार हामीले 'समृद्ध नेपालको आधार, सूचना प्रविधि र सञ्चार' भन्ने मूल नाराका साथ सातौं राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस मनाएका छौं।

ज्ञानमा आधारित समाज तथा डिजिटल अर्थतन्त्रका आधार निर्माण गर्ने, डिजिटल प्रविधिको अधिकतम उपयोग गरी विकास र समृद्धिका लक्ष्यहरू हासिल गर्ने तथा आमनागरिकलाई प्रदान गरिने सार्वजनिक सेवा सरल र सहजरूपमा उपलब्ध गराउने उद्देश्यले 'डिजिटल नेपाल फ्रेमवर्क' अवधारणा अघि सारिएको छ। सरकारले कृषि, ऊर्जा, पर्यटन, शिक्षा, स्वास्थ्य, वित्त, सहरी पूर्वाधारलगायत सबै क्षेत्रलाई डिजिटलाइजेसन गर्दै डिजिटल रूपान्तरणमार्फत आर्थिक समृद्धि हासिल गर्ने उद्देश्यसहित डिजिटल नेपाल फ्रेमवर्क, २०७६ कार्यान्वयनमा ल्याएको भएता पनि यसमा सन्तोषजनक प्रगति हुन सकिरहेको छैन । डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वनमार्फत हरेक क्षेत्रमा डिजिटलाइजेसनलाई प्रभावकारी बनाउन सबै सरोकारवालाहरू उत्तिकै गम्भीरताका साथ अघि बढ्नुपर्ने आवश्यकता देखिएको छ।

सूचना प्रविधि क्षेत्रमा भएको विकास र बिस्तारसँगै नेपालमा पनि यसको प्रयोगमा उल्लेख्यरूपमा बढोत्तरी आएको छ। सूचना प्रविधि हरेक नागरिकको जीवनशैलीको आधार बन्दै गइरहेकाले राज्यले यसलाई आधारभूत आवश्यकता र राष्ट्रिय प्राथमिकताको रूपमा स्वीकार गरिसकेको छ । आजको दिनमा विभिन्न सार्वजनिक सेवामा विद्युतीय प्रणालीको उपयोग बढेको छ । दैनिक जीवनमा प्रयोग हुने आधारभूत सेवादेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्वका कार्यहरूमा विद्युतीय प्रणालीको उपयोग बढेको छ । राष्ट्रिय परिचयपत्र, एमआरपी, सवारी चालक अनुमतिपत्र, नागरिक एप, एकीकृत कार्यालय व्यस्थापन प्रणाली, कम्पनी दर्ता तथा नवीकरण, कर भुक्तानी जस्ता सेवा प्रवाहका कार्य विद्युतीय प्रणालीबाटै गर्ने गरिएको छ ।

डिजिटल भुक्तानी प्रणालीको विकास र उपयोगलाई अझै तीव्र र प्रभावकारी बनाउन सरकारले आधारभूत डिजिटल पूर्वाधारको रूपमा देशभर दूरसञ्चार सेवाको पहुँच बिस्तारलाई जोड दिएको छ । डिजिटल भुक्तानी प्रणालीको विकास र उपयोगलाई अझै तीव्र र प्रभावकारी बनाउन सरकारले आधारभूत डिजिटल पूर्वाधारको रूपमा देशभर दूरसञ्चार सेवाको पहुँच बिस्तारलाई जोड दिएको छ। सबै सरकारी निकायहरूका लागि प्रयोगमा ल्याउने उद्देश्यले एकीकृत वेबसाइट व्यवस्थापन प्रणालीको विकास गरिएको छ । यसबाट हरेक निकायले छुट्टाछुट्टै वेबसाइट विकास गर्नुपर्ने अवस्थाको अन्त्य भएको छ। यसबाट हरेक निकायले सफ्टवेयर विकास तथा मर्मत सेवामा गर्ने खर्च कटौती हुन पुगेको छ।

सूचना प्रविधिको प्रयोगका कारण नागरिकले घरैमा बसेर राज्यले प्रदान गरेका सेवाहरू लिन सक्ने अवस्थाको सुरुआत भइसकेको छ । देशका अधिकांश भू-भागमा दूरसञ्चार र अधिकांश वडा केन्द्रमा ब्रोडब्यान्ड इन्टरनेट पुगेको छ । नेपाल टेलिकमले ७५ जिल्लामा फाइबरमार्फत इन्टरनेट सेवा बिस्तार गरेको छ भने हालसम्म २५ हजार किलोमिटरभन्दा बढी अप्टिकल फाइबर बिस्तार गरिएको छ ।

### नीतिगत व्यवस्थामा जोड

सञ्चार तथा सूचना प्रविधिको प्रयोगबाट नै मुलुकमा सुशासन र समृद्धि हासिल गर्न सकिन्छ भन्ने कुरामा सरकार दृढ विश्वास राख्दछ । तीव्र विकास र उच्च आर्थिक वृद्धिका लागि धेरै भन्दा धेरै सूचना प्रविधिको उपयोग गरी आर्थिक तथा सामाजिक क्षेत्रमा रूपान्तरण गर्ने विश्वासका साथ सुरु गरिएको डिजिटल नेपाल फ्रेमवर्क २०७६ लाई आवश्यक परिमार्जन गरेर हरेक क्षेत्रलाई डिजिटलाइजेसन गर्दै डिजिटल रूपान्तरणमार्फत मुलुकको समृद्धि हासिल गर्ने सरकारको स्पष्ट लक्ष्य रहेको छ।

सूचना प्रविधिको क्षेत्रमा लगानी वृद्धि गर्ने गरी आवश्यक नीति, कानुन र पूर्वाधार विकासका लागि सरकार दृढतापूर्वक अघि बढेको छ। साइबर स्पेसलाई सुरक्षित र व्यवस्थित गर्ने उद्देश्यले पहिलोपटक राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० जारी गरिएको छ भने त्यसकै आधारमा राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना भएको छ । सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयक तर्जुमाको काम भइरहेको छ भने दूरसञ्चार ऐनको पुनरावलोकन गर्ने काम भइरहेको छ। दूरसञ्चार पूर्वाधारको क्षेत्रमा भइरहेको दोहोरो लगानीको अन्त्य गर्न पूर्वाधार सहप्रयोगको नीतिलाई आवश्यक पुनरावलोकन गरी प्रभावकारी कार्यान्वयन गर्नु जरुरी छ।

त्यस्तै सूचना तथा सञ्चार प्रविधि नीति, २०७२, दूरसञ्चार नीति, २०६० र ब्रोडब्यान्ड नीति, २०७१ लाई पुनरावलोकन गरी एकीकृत नीति तर्जुमा गर्ने कार्य भइरहेको छ । दूरसञ्चार क्षेत्रमा 'फाइभजी'लगायत नवीतम प्रविधि र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने गरी दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी नीति लागू गरिएको छ। निजी क्षेत्रबाट डेटा सेन्टर सञ्चालन गर्न उपयुक्त वातवारण सिर्जना गर्न कानुन तथा मापदण्डको तत्काल तर्जुमा गरिँदै छ । डिजिटल पूर्वाधारको महत्त्वपूर्ण आधार दूरसञ्चार क्षेत्रलाई समयानुकूल व्यवस्थित गर्न दूरसञ्चार ऐनको पुनरावलोकन गर्ने काम भइरहेको छ । विश्वस्तरमा भएका एआई, क्लाउड कम्प्युटिङ, आइओटी, ब्लकचेन जस्ता नयाँ तथा परिवर्तनकारी प्रविधिहरूको विकास र बिस्तारबाट नेपालले कसरी लाभ लिने भनेर हामीले जतिसक्यो चाँडो आवश्यक नीति र कानुन बनाउनुपर्ने छ।

### आर्थिक समृद्धिको आधार

अबको लगानी सूचना प्रविधि क्षेत्रमा हुनुपर्छ, सूचना प्रविधिको क्षेत्रको विकासबाट मुलुकको अर्थतन्त्रलाई सबल बनाउन सकिन्छ । हामीले लामो समयदेखि नेपालमा कृषि, जलस्रोत र पर्यटनलाई आर्थिक समृद्धिको आधार मान्दै आएका छौं र यसकै आधारमा गरिने उत्पादन र उत्पादकत्व वृद्धिलाई आर्थिक विकासको सूचकको रूपमा हेर्दै आएकामा अब आर्थिक विकासको थप आधारको रूपमा सूचना प्रविधिलाई जोडेर लैजाने नीति अख्तियार गर्नु जरुरी छ। एकातिर सूचना प्रविधि आफैंमा छुट्टै उत्पादनमूलक क्षेत्रको रूपमा स्थापित हुँदै आएको छ भने अर्कोतिर हरेक क्षेत्रलाई सूचना प्रविधिको प्रयोगमार्फत अघि बढाउन सकिने अवस्था छ।

सूचना प्रविधि उद्योगमा लगानी गर्न नेपाली मात्र होइन, विदेशी लगानीकर्ताका लागि पनि नेपाल धेरै हिसाबले उपयुक्त स्थल हो । हामीसँग सूचना प्रविधि उद्योगका लागि अनुकूल भौगोलिक हावापानी त छँदै छ, दक्ष जनशक्तिको उपलब्धताका कारण कम लागतमा आइटी उद्योगहरू सञ्चालन गर्न सकिने प्रचुर सम्भावना रहेको छ। सूचना प्रविधि क्षेत्रको विकासका लागि निजी क्षेत्र निकै उत्साहित भएर आएको छ । अहिले पनि निजी क्षेत्रले सूचना प्रविधि सेवा निर्यातमार्फत बर्सेनि अर्बौं वैदेशिक मुद्रा भित्रचाइरहेको छ। झण्डै एक लाख युवाले देशभित्रै बसेर विभिन्न देशमा सूचना प्रविधि सेवा निर्यात गरिरहेका छन्।

अहिले नेपालमा बौद्धिक पलायन ठूलो समस्याको रूपमा देखिन थालेको सन्दर्भमा युवालाई आयआर्जनसहित देशभित्र बस्ने अवसरको सुनिश्चित गर्ने क्षेत्र नै सूचना प्रविधि हुन सक्दछ । आम युवालाई सूचना प्रविधिको माध्यमबाट उद्यमशीलता र नपप्रवर्तनका काममा प्रवेश गर्दै आफ्नो भविष्यसँगै देशको समृद्धिमा योगदान गर्न प्रेरित गर्नु पर्ने छ। रोजगारीका लागि लाखौं युवाहरू विदेशिने आजको अवस्थामामा सूचना प्रविधि क्षेत्रमा दक्ष जनशक्तिले देशभित्रबाटै सेवा निर्यात गरेर विदेशी मुद्रा आर्जन गर्ने अवस्थाले सूचना प्रविधि क्षेत्रको व्यवस्थित विकास गर्दै यसमा आवश्यक लगानी आकर्षित गर्न सकियो भने यसलाई समृद्धिको ढोका खोल्ने महत्त्वपूर्ण आधारको रूपमा चाँडै स्थापित गर्ने बलियो सम्भावना छ।


सूचना प्रविधि उद्योग र खासगरी अहिले बढिरहेको सेवा निर्यातलाई व्यवस्थित निकै भविष्यमै आइटी हब सञ्चालन गर्नु अनिवार्य भइसकेको छ । सूचना प्रविधिसम्बन्धी सेवा निर्यातलाई प्रवर्द्धन गर्न सूचना प्रविधि उद्योग र स्टार्टअपहरूलाई एकै थलोबाट सञ्चालन गर्ने गरी आवश्यक पूर्वाधार निर्माण गर्न सकियो भने यसबाट देशभित्र र बाहिरका लगानीकर्ताको पुँजी तथा सूचना प्रविधि क्षेत्रका दक्ष जनशक्तिको ज्ञान, सीप र श्रमको एकीकृत परिचालन गर्ने वातावरण बन्ने छ।

भर्खरै सम्पन्न लगानी सम्मेलनमार्फत सञ्चार मन्त्रालयले अघि सारेका डेटा सेन्टर, आइटी/टेक्नोपार्क, कम्प्युटर हार्डवेयर एसेम्बली प्लान्ट, आइसिटी ट्रेनिङ सेन्टर, डिजिटल सर्भिस सेन्टर, स्मार्ट फोन म्यानुफ्याक्चर तथा एसेम्बली प्लान्ट, इन्कुवेशन सेन्टरलगायतका परियोजनामा लगानी सुनिश्चित गर्न सकियो भने नेपालको आर्थिक समृद्धिमा नयाँ आयाम थपिने छ । अबको विश्व अर्थतन्त्र भनेको डिजिटल अर्थतन्त्र नै हो र यसको विकास डिजिटल रूपान्तरणबाट मात्रै सम्भव हुने छ।

अन्त्यमा, सूचना प्रविधिको प्रयोग सुरक्षित बनाउन देशभर डिजिटल साक्षरता एवं जनचेतना अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने छ । सूचना प्रविधिको क्षेत्रमा विश्व समुदाय धेरै अगाडि बढे पनि हामीले 'डिजिटल डिभाइड' अन्त्य गर्न बाँकी नै छ। एकातिर सबै ठाउँका जनताको सूचना प्रविधिमा पहुँच स्थापित गर्नुपर्ने छ भने अर्कोतिर सबै नागरिकले समानरूपमा यसको प्रयोग गर्ने अवस्था पनि सिर्जना गर्नुपर्ने छ । यसका लागि सरकार गम्भीर एवं प्रतिबद्ध छ । सरकारसँग हातेमालो गर्दै सूचना प्रविधिको विकास र प्रयोगमार्फत समृद्धिको यात्रामा अगाडि बढ्ने अभियानमा सबैको साथ र सहयोग आवश्यक छ।

*(सञ्चार तथा सूचना प्रविधिमन्त्री शर्मासँग रासस प्रतिनिधिले गरेको कुराकानीमा आधारित)*

# मातृभूमि जोगाउन 'भृकुटी'ले दिएको सन्देश



श्याम रिमाल

राजा शिवदेव प्रथमले राजा बनाएका सातौं शताब्दीका महासामन्त (पहिले सामन्त) आफ्ना भानिज/ज्वाइँ अंशुवर्मा र उनकी छोरी भनिएकी 'भृकुटी' (कसैले नरेन्द्रदेवकी भनेका छन्) बारे इतिहासमा विवाद छ । तथापि इतिहास लेखन तथा अध्ययन अध्यापनका दौरान ती दुईलाई बाबुछोरीकै रूपमा मानिन्छ र दुवै नेपालका राष्ट्रिय विभूतिमा पनि दरिएका छन् ।


'भृकुटी' हाम्रा काव्य, निबन्ध, नाटक आदिमा आइरहने नाम हो । 'भृकुटी' आख्यानमा कम आएकी छन् जसको पूर्ति पूर्वप्रशासक गोविन्दप्रसाद कुसुमले उपन्यासमार्फत गरेका छन् । राजा अंशुवर्मा र भृकुटी इतिहासमा विवादका रूपमा रहे पनि दुवै नेपालका राष्ट्रिय विभूतिमा दरिएका छन् । नेपालको स्वर्णकाल मानिएको लिच्छविकालकी नेपालकी राजकुमारी 'भृकुटी' नेपालको अस्तित्व जोगाउन र बौद्ध धर्मको प्रचारप्रसार गर्न दिएको योगदानका कारण नेपाली इतिहास, धर्मसंस्कृति, दर्शन, शिल्प एवं वास्तुकला तथा साहित्यमा सधैं स्मरणीय छन् । उनीमाथि लिखित समीक्ष्य उपन्यासले पनि सोही तथ्यलाई इतिहास, काल्पनिक घटना विवरण, जनश्रुति, कथा र संवादमार्फत उजागर गर्ने प्रयास गरेको छ।

इतिहासमा अंशुवर्माले हाँडीगाउँ, विशालनगर क्षेत्र (देवपत्तन ?) स्थित कैलाशकूट दरबारबाट शासन चलाएको उल्लेख भए पनि कृतिमा पाटनबाट देखाइएको छ जसबाट पाठक सुरुमै अलमलमा पर्न सक्छन् । देवपत्तन सहर जीर्ण बनेपछि पाटन सरेको देखाइएको छ। जनताको अभिमतानुसार उनकै कल्याणमा समर्पित राजा अंशुवर्मा तिरहुत, सिम्रौनगढ आदि ससाना राज्यबाट हुन सक्ने विरोधप्रति पनि सचेत थिए। त्यसैले व्यापार व्यवसाय बढाउन र एकार्काप्रति उत्तर र दक्षिण राज्यबाट आक्रमण भएमा रोक्नका सहयोग गर्ने उपाय खोजिरहेका थिए।

दक्षिण मगध र उत्तर तिब्बत राज्यसँग सम्बन्ध बढाउने उपायका सिलसिलामा उनले छोरी भृकुटीको विवाह तिब्बती सम्राट स्रङचङ गम्पोसँग विवाह गराइदिए । सम्राटले सपनामा देखेका भनिएकी राजकुमारी भृकुटीलाई माग्न आफ्ना दुई मन्त्री र सहयोगी पठाइदिएको र तिनैका साथमा बौद्ध गुरु पद्मसम्भवलगायत आवश्यक मानिस हात्ती-घोडामा चढाएर पठाइएको थियो। बौद्ध धर्मसंस्कृति र राजपाट सञ्चालन तथा संस्कृत र पाली भाषाको जानकार मानिएकी भृकुटीले चन्दनका काठ ,कस्तुरी, नेपाली हस्तकलाका सामान, हिरा, भोजपत्र, घरबुनुवा कपडाका अतिरिक्त सुन र पित्तलले बनाइएका बुद्ध तथा ध्यानी बुद्ध र ताराका मूर्ति पनि तिब्बत लगेकी थिइन्।

यसले नेपाली संस्कृति चिनाउन र दुई देशबीच व्यापार प्रवर्द्धनमा सहयोग गरेको थियो । उनकै कारणबाट बाहय आक्रमणको सम्भावित खतरा टऱ्यो र नेपालको राष्ट्रिय सार्वभौमिकता जस्तो संवेदनशील विषय अक्षुण रहन गयो। आफ्नो बुद्धि, ज्ञान र विवेकबाट उनले असभ्य मानिएको तिब्बती समाजमा सुधार र मानिसहरूको मानसिकतामा सकारात्मक परिवर्तन ल्याउन सकेकी थिइन् भने सातौं शताब्दीमा नेपालमा प्रचलित संस्कृत र पाली भाषाको प्रशिक्षण पनि गराएकी थिइन्।

राष्ट्रिय विभूति भनेर मानिएकी भृकुटीको खास योगदान र नेपाली खासगरी अझ महिलाहरूमा उत्प्रेरणा जगाएकी उनको योगदान उजागर गरिएको




प्रस्तुत कृति नेपाली भाषा, धर्म, संस्कृति तथा आदर्श नारीको अध्ययन अनुसन्धानका लागि उपयोगी देखिएको छ। सांग्रिला मिडिया ग्रुप प्रालि (सांग्रिला बुक्स) द्वारा प्रकाशित कृतिमा शासकले जनतालाई गर्ने माया, अनुशासन, दण्डसजाय, जनजीवन, रहनसहन, नेपाली नारीहरुको अवस्था, खेतीपाती, वास्तु र शिल्पकला तथा सती प्रथाका अनेक प्रसंग छन्।

'यो उपन्यास लेखनको मुख्य उद्देश्य भृकुटीले गरेका कामलाई उजागर गर्नु र जन्मभूमि नेपालप्रति आफ्नो कर्तव्य पालनामा उनले देखाएको निष्ठालाई बाहिर ल्याउनु रहेको छ। भृकुटीलाई राष्ट्रिय विभूतिको सम्मानभित्र मात्र कैद गरेर राखिएको छ। यसरी कैद गर्नु भनेको उनीप्रतिको सम्मानमा कञ्जुस्याइँ गर्नु हो। त्यसबेलामा उनले गरेको कार्यबाट आजका हामी नेपालीले कूटनीतिक, सामाजिक, आर्थिक र सुशासनका सवालमा बुझ्नुपर्ने, सिक्नुपर्ने र पालना गर्नुपर्ने विषयहरू धेरै छन् । यस उपन्यासले त्यस दिशातर्फ पनि संकेत गरेको छ,' उपन्यासकारले 'मेरा कुरा' मा कृति लेख्नाको तात्पर्य स्पष्ट गरेका छन्।

कृतिमा राजा वा शासकमा हुनुपर्ने स्वभाव र कर्तव्य उल्लेख गरेर लेखकले आधुनिक राजनीतिज्ञ वा शासकलाई पनि शिक्षा दिन खोजेका छन् । 'विद्वान्हरू भनेका राजा-महाराजाभन्दा उच्चकोटिका व्यक्ति हुन् । जुन राजाले विद्वान्हरूको कदर गर्छ, जुन शासकले राजपाट चलाउने सवालमा विद्वान्हरूको सल्लाह लिएर निर्णय गर्छ, त्यो शासक सफल शासक हो । त्यो राजा असल राजा हो,' भृकुटीले राजालाई बताएको यो कुरा नेपालका वा जुनसुकै देशका कार्यकारी प्रमुखका हकमा पनि ग्रहणयोग्य छ ।

सातौं शताब्दीको वरपरको नेपाल, तिब्बत र मगध राज्यका पालाको समय भए पनि कृतिमा रहेका संवादहरू आधुनिक भाषामै लेखिएकाले पाठकलाई निकै अप्ठ्यारो महसुस हुन्छ। त्यतिबेला नेपालमा पाली र संस्कृत भएका प्रचलन भएकाले सोही भाषा कृतिमा प्रस्तुत गर्न नसकिएका लेखकले स्पष्टीकरण दिएकाले यसबारे धेरै भन्नु परेन । ऐतिहासिक उपन्यास भए पनि कृतिलाई रोचक बनाउन लेखकले निकै काल्पनिक कुराहरू प्रसंगका क्रममा ल्याएका छन् । त्यसले पाठकलाई एक छिन मनोरञ्जन त देला तर ऐतिहासिक तथ्य सम्बर्द्धनमा केही काम लाग्दैन।

कतिपय घटना, रतिरागात्मक प्रसंग, भृकुटीको विवाहका भोजका क्रममा रक्सी खाएर घरसम्म जान नसकेको एक नागरिकको अवस्था आदि अनावश्यक विषयले कृतिको मोटाइ बढ्न गएको छ । कुनै कुनै शब्दचयन जस्तो 'सैनिक' हुनुपर्नेमा 'सेना' (पूरै बल), 'छ्याकटे जुँगा,' 'अभीर' नै गल्ती छ भने वर्णविन्यास र वाक्य संरचनामा थुप्रै अशुद्धि भेटिन्छ। 'भृकुटी' नामको अर्थ र उनले सम्बोधन गरिने 'हरित तारा' को पनि अर्थ भेटिन्न । तथापि एउटा राष्ट्रिय विभूतिलाई भीमकाय कृतिमा ल्याएर लेखकले इतिहासमा अलपत्र परिरहेका अन्य राष्ट्रिय व्यक्तित्वहरूबारे पनि खोजीनीति गर्न भने अनुसन्धाताहरूलाई पनि प्रेरणा भने मिल्ने छ। *रासस*

# टाढाका विद्यार्थीलाई आवासीय सुविधा



**ढोरपाटन (बागलुङ)–** बागलुङ नगरपालिकाले नयाँ शैक्षिकसत्र सुरु भएसँगै विद्यार्थी कम भएका विद्यालयको तह मिलान गरेको छ । नगरपालिकाले यस वर्ष ३५ विद्यालयको तह मिलान तथा स्थगन गरेको हो । पछिल्लो समय गाउँका विद्यालयमा विद्यार्थीको संख्या निकै कम छ । यस शैक्षिकसत्रमा ३३ विद्यालयको तह मिलान र दुई विद्यालय स्थगन गरेको हो । तह मिलान तथा स्थगनपछि समस्यामा परेका विद्यार्थीलाई लक्षित गरी यसै वर्षदेखि तीन विद्यालयलाई आवासीय बनाइने भएको छ ।

देशैभरमा सबैभन्दा बढी विद्यालय हुने नगरपालिकाका रूपमा रहेको बागलुङ नगरपालिकाले अघिल्लो वर्ष वडा नं १२ स्थित कालीगण्डकी प्राथमिक विद्यालय र वडा नं १३ स्थित लक्ष्मीनारायण पाठशाला स्थगन भएका थिए । यस वर्ष वडा नं ९ स्थित रानीभूमे प्राथमिक विद्यालय र सोही वडाको सरस्वती प्राथमिक विद्यालयलाई स्थगन गरिएको हो ।

स्थगनपछि विद्यालय टाढा पर्ने विद्यार्थीका लागि आवासीय सुविधा दिनेगरी काम अगाडि बढाइएको नगर उपप्रमुख राजु खड्काले जानकारी दिए । पहिलो चरणमा भौगोलिक, सामाजिक, आर्थिक कारणले विद्यालयको पहुँचमा पुग्न समस्या भएका बालबालिकाका लागि आवासीय सुविधा दिने उनको भनाइ छ ।

नगर उपप्रमुख खड्काका अनुसार बागलुङ-७ स्थित विश्वकर्मा माध्यमिक विद्यालय, वडा नं ११ को महाविद्याजन माध्यमिक विद्यालय रायडाँडा र वडा नं १२ को पृथ्वीहिणन्य माध्यमिक विद्यालयलाई आवासीय रूपमा सञ्चालन गरिने छ । विद्यालयमा विद्यार्थी संख्या थोरै हुँदा शिक्षण क्रियाकलाप प्रभावकारी नहुने र बढी खर्च हुने हुँदा विद्यालयको तह मिलान तथा स्थगन गरेको उनको भनाइ छ । तह मिलानपछि शैक्षिक गुणस्तरसमेत वृद्धि हुने उपप्रमुख खड्का बताउँछन् ।

'नगरपालिकामा झण्डै सयको हाराहारीमा विद्यालय छन्, ती विद्यालयमा विद्यार्थी निकै कम भएको हुँदा यस वर्ष हामीहरूले धेरै विद्यालयको तह मिलान गरेका छौं, पोहोर र यस वर्ष गरी चार विद्यालय स्थगन नै गरिसकेका छौं,' उनले भने, 'सुरुआती चरणमा तीन विद्यालयमा आवासीय सुविधा दिनेगरी सञ्चालनको तयारी छ, पछि आवश्यकताका आधारमा अन्य विद्यालयमा पनि आवासीय सुविधा थप्ने योजना छ ।'

शिक्षा अनुगमन समितिले नगरपालिकाभित्रका ४८ विद्यालय अध्ययन गरी आवश्यकता र समस्याको पहिचान गरी विद्यालयको स्थगन तथा तह मिलान गरिएको नगर शिक्षा अधिकारी धनप्रसाद पोखरेलले जानकारी दिए । तह मिलनपछि अब बाल विकास केन्द्र सञ्चालन हुने विद्यालयको संख्या आठ, बाल विकास केन्द्र र कक्षा १ मात्र सञ्चालन हुने विद्यालयको संख्या ११, कक्षा १ मात्र सञ्चालन हुने विद्यालय एक, कक्षा १ देखि ३ सम्म सञ्चालन हुने विद्यालय संख्या पाँच, कक्षा १ देखि ४ सम्म सञ्चालन हुने विद्यालय दुई र चार विद्यालयमा कक्षा १ देखि ६ सम्म सञ्चालन हुने तथा विद्यालय स्थगन र तह मिलानपछि शिक्षकहरूलाई सोही वडाभित्रका आवश्यक रहेका विद्यालयमा दरबन्दी मिलान गरी व्यवस्थापन गरिने उनको भनाइ छ ।

शिक्षा अनुगमन समितिले तय गरेको मापदण्डअनुसार स्थगनपछि विद्यार्थी बढ्ने विद्यालयलाई व्यवस्थापनका लागि दुई लाख रूपैयाँ र प्रत्येक तह मिलान हुने विद्यालयलाई प्रतिकक्षा २५ हजार रूपैयाँका दरले रकम उपलब्ध गराउने पोखरेलले बताए । बालबालिकाका लागि नेपाल सरकारले दिएको १५ रूपैयाँ दिवा खाजामा नगरपालिकाले पाँच रूपैयाँ थप गरिदिने उनको भनाइ छ ।

विद्यालय स्थगन र तह मिलानपछि नगरपालिकाले एक वडा एक आवासीय विद्यालय, पढ्दै कमाउँदै कार्यक्रमजस्ता व्यावसायिक र प्राविधिक स्कुल निर्माण गर्ने उद्देश्य राखेको र यस्ता खालका शिक्षामा लगानी गरेमा मात्रै शैक्षिक गुणस्तर वृद्धिमा प्रभावकारी भूमिका खेल्ने उनी बताउँछन् । सो नगरपालिकामा ८२ सामुदायिक र २० संस्थागत विद्यालय सञ्चालनमा छन् । पालिकाभर १६ हजार विद्यार्थी अध्ययनरत रहेको नगरपालिकाले जनाएको छ । *रासस*

# इन्द्रकमल बचत तथा ऋण सहकारी संस्था लि.

भक्तपुर जिल्ला मध्यपुर थिमी न.पा.–२ लोकन्थली

## सदस्य एवम् ऋणी उपेन्द्र काफ्लेका नामको धितोमा रहेको सम्पत्ति डाँक बढाबढ लिलाम बिक्री गर्ने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति : २०८१/०१/२१ गते, शुक्रबार)**

यस संस्थाका सदस्य एवम् ऋणी श्री उपेन्द्र काफ्लेले संस्थाबाट लिनुभएको कर्जाको संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, हर्जना आदि रकम नतिरी नबुझाई कर्जा लिंदा गरेको लिखत र शर्तबन्देज उल्लङ्घन गर्नु भएकोमा संस्थाबाट पटक-पटक लिखित तथा मौखिक सूचना गरी तरताकेता गर्दा संस्थामा उपस्थित भई रकम तिर्ने भनी भाखा मागी निवेदन गरेतापनि सो बमोजिम समेत रकम दाखिला नगरी रहेकोमा संस्थबाट पुनःपटक पटक लिखित तथा मौखिक सूचना एवम् राष्ट्रियस्तरको दैनिक पत्रिकामा पटक पटक सूचना प्रकाशित गरी संस्थाको लेना रकम असुलीका लागि तरताकेता गर्दासमेत संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरि नबुझाई बेवास्ता गरी बसेकोमा सहकारी ऐन २०७४को दफा ७९ तथा सहकारी नियमावली २०७५ को नियम ३० को उपनियम (१) को खण्ड (क) अनुसार मिति २०७९/०२/१८ मा कारोबार राष्ट्रिय दैनिकमा सावर्जनिक सूचना प्रकाशन गरी ३५ (पैंतिस) दिनभित्र संस्थालाई बुझाउनु पर्ने रकम तिर्न बुझाउन वा तिरी बुझाई सकेको भए त्यसको प्रमाण पेश गर्न आउनु भनी सूचित गर्दासमेत सम्पर्कमा आई रकम दाखिला नगरेको हुनाले ऋणीका नाममा रहेको तल उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा डाँक बढाबढ प्रक्रियाबाट लिलाम विक्री गरी संस्थाको लेना रकम असुलउपर गरी लिइने भएकाले यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम विक्री हुन नसकी संस्थाले धितो सकार गर्नु परेमा वा लिलाम विक्रीबाट संस्थाको सम्पूर्ण लेना रकम असुलउपर नभएमा असुलउपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा जमानीकर्ताको घरघरानाबाट असुलउपर गर्न असुली प्रक्रिया अघिबढाईने ब्यहोरा समेत यसै सूचनाबाट सूचित गरिन्छ ।

**डाँक बढाबढ लिलाम बिक्री गरिने जग्गाको विवरण** : ऋणीको नाममा मालपोत कार्यालय साँखु काठमाडौंमा दर्ता कायम रहेको साविक लप्सीफेदी गा.वि.स.वडा नं.२/क कि.नं. ७ को क्षेत्रफल ०-१४-०-० (ब.मि ४४५।१५) र सुनटोल गा.वि.स.वडा नं.८/ङ कि.नं. १७३ को क्षेत्रफल ०-८-०-० (व.मि.२५४।३७) जग्गा ।

**डाँक बढाबढ लिलाम विक्रीका शर्तहरू :**

१. डाँक बढाबढ गर्ने व्यक्तिहरूमध्ये सबैभन्दा बढी कबोल गर्ने व्यक्तिको नाममा लिलाम विक्री स्वीकृत गरिनेछ ।
२. डाँक बढाबढका क्रममा सबैभन्दाबढी कबोल लिलाम विक्री स्वीकृत गरिएको व्यक्तिले आफूले बोलेको रकमको १० (दश) प्रतिशत रकम नगदै तुरुन्त संस्थामा बुझाउनु पर्नेछ ।
३. जग्गा नामसारी रजिष्ट्रेशन गर्दा लाग्ने सम्पूर्ण दस्तुर लिलाम सकार गर्ने व्यक्तिले नै बुझाउनु पर्नेछ ।
४. लिलाम सकार गर्ने व्यक्तिले संस्थाबाट लिलाम निश्चित भई जग्गा नामसारी गरी लिन सूचना बुझेको मितिले ७ (सात) दिनभित्र बाँकी रकम बुझाई नामसारी गरी लिनु पर्नेछ । सो अनुसार नभएमा धरौटी वापत राखेको १० (दश) प्रतिशत रकम स्वतःजफत हुनेछ ।
५. लिलाम विक्री हुने जग्गाको कागजात हेर्न चाहनेले संस्थाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।
६. उल्लेखित धितो सुरक्षण स्वरूप रहेको सम्पत्ति लिलाम बिकी गर्दा कसैले नसकारेमा सहकारी नियावली, २०७५ को नियम३५ बमोजिम उक्त सम्पत्तिको स्वामित्व संस्थाले नै लिन सक्नेछ ।
७. बढाबढ लिलाम विक्री गर्दा सबैभन्दा बढी अङ्क बोल्ने व्यक्तिको डाक स्वीकृत/अस्वीकृत गर्ने अधिकार संस्थामा रहनेछ ।

**डाँक बढाबढ गरिने स्थान, मिति र समय :**

स्थान : संस्थाको कार्यालय प्राङ्गण | मिति : २०८१/०२/०७ गते, सोमबार
समय : विहान १०:०० बजेदेखि दिनको ४:०० बजेसम्म | (सो दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट)

# रोशीका अग्निपीडितलाई आर्थिक सहयोग

**काभ्रेपलाञ्चोक–** जिल्लाको रोशी गाउँपालिका-४ सानोपोटा गाउँका अग्निपीडितलाई आर्थिक एवं भौतिक सहयोग गरिएको छ। उक्त गाउँका १५ परिवारलाई जिल्ला विपद् व्यवस्थापन समितिमार्फत विभिन्न संघसंस्थाबाट उपलब्ध राहत सामग्री वितरण गरिएको हो । समितिले बुधबार गाउँपालिका कार्यालय, नेपाल रेडक्रस सोसाइटी र उद्योग वाणिज्य संघद्वारा उपलब्ध राहत सामग्री वितरण गरेको हो । गाउँ नजिकको सामुदायिक वनमा लागेको डढेलो हुरीबतासका कारण बस्तीमा फैलिएपछि सानोपोटा गाउँका १५ घर जलेका थिए ।

गाउँपालिकाले प्रतिपरिवार दुई बोरा चामल, त्रिपाल, नुन, तेल र दाल, रेडक्रसले भाडाकुँडा, कम्बललगाय सामग्री तथा संघले पीडितलाई प्रतिपरिवार एक बोरा चालम, दाल एक किलो, खानेतेल एक लिटर, नुन एक किलो प्रदान गरेको छ । नेपाली कांग्रेसका केन्द्रीय सदस्य गणेश लामासहित तरुण दलका केन्द्रीय सदस्यको टोलीले बुधबार नै पीडित प्रतिपरिवारलाई दुई बोरा चामल, नुन, तेल दाल तथा बागमती प्रदेशसभा सदस्य तीर्थ लामाले खाद्यान्न सहयोग गरेका थिए ।

विपद् व्यवस्थापन समितिले पीडितलाई प्रतिपरिवार पाँच हजार रूपैयाँका दरले नगद पनि उपलब्ध गराएको छ । प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले सरकारबाट पाउने राहतमध्ये हाललाई पाँच हजार रूपैयाँ दिइएको र बाँकी १० हजार रूपैयाँ केही दिनमै उपलब्ध गराइने बताए । साथै, क्षतिग्रस्त घर पुनर्निर्माण गर्न स्थानीय तह, प्रदेश तथा संघीय सरकारको समन्वयमा प्रक्रिया अघि बढाउन पहल गरिने शर्माले बताए । आगलागीबाट दुई करोड २६ लाख ३० हजार रूपैयाँबराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०१/२१ गते)

यस कुमारी बैंक लिमिटेड, बयलबास शाखा कार्यालयमा रहेको खाता नं.१९९०१९३५७४१००००१ का खातावाला रुदल मिस्त्रीको नाती दशै मिस्त्री छोरा सर्लाही जिल्ला भक्तिपुर गा.वि.स. वडा नं.०७ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला ईशवरपुर न.पा ०३, बस्ने जोदा सिहं मिस्त्रीको मिति २०८०/०२/१९ मा मृत्यु भएकाले उक्त खातामा भएको रकम पाउँ भनी मृतकको एकाघरको पत्नी सर्लाही जिल्ला ईशवरपुर न.पा. वडा नं ०३ वस्ने रेणु देबी मिस्त्री (ना.प्र.नं.१९३०५१/२२०, सर्लाही) ले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ (२) बमोजिमको अग्र प्राथमिकतामा अन्य कुनै हकदार भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र स-प्रमाण यस बैंकको शाखा कार्यालय बयलबासमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने व्यहोरा जानकारी गराइन्छ । पुनश्चः म्याद भित्र दावी गर्न नआएमा वा रित नपुगी पर्न आएको दावी उपर कुनै कारवाही नहुने व्यहोरा समेत सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
**शाखा कार्यालय बयलबास, सर्लाही फोन नं. ०४६-५७५२२६**

## हकदाबी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६३/०३/२१ मा दर्ता भएको प्रा.लि.नं.४०२६७/०६३/०६४ को **एडमिसन ग्राफिक्स प्रा.लि.** को मिति २०८१/०१/१२ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: मान बहादुर लामीछाने, इजाजत पत्र नं. ००१,**
**ठेगाना: अनामनगर, काठमाडौं, फोन नं. ९८४१०७४५७७**

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०१/२१ गते)

जेनेसिस ट्रेड कर्न्सन (दर्ता नं. ८९५५१/०६६/०६७ ) का प्रोप्राइटर तथा सञ्चालक, झापा जिल्ला, बुद्धशान्ति गाउँपालिका वडा नं ०२ बस्ने कर्ण बहादुर मगरको छोरा, मिलन मगर (नागरिकता नं- ४०४१४३७७) को मिति २०७९/०८/१६ मा मृत्यु भएकोले निजको संस्था जेनेसिस ट्रेड कर्न्सन को नाममा यस बैंकको पुतलीसडक शाखामा रहेको चल्ती खाता नं. ००१०००२००९२००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोराले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हक्दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय पुतलीसडक, काठमाडौमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
**शाखा कार्यालय पुतलीसडक, काठमाडौं सम्पर्क नं. ०१-५३३२११२**

## मुखियापट्टी मुसहरनीया गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

**तुलसियाही, जब्दी, धनुषा**

### बोलपत्र रद्द गरिएको सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८१/०१/२१)

मुखियापट्टी मुसहरनीया गाउँ कार्यपालिकाको मिति २०८१/०१/१५ गते प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित Supply and Delivery of Electronics Desktop Computer and Printers, Supply and Delivery of Motorcycle का लागि ई- विडिङ (e–bidding) मार्फत कार्य गराउन आह्वान गरिएको बोलपत्र सम्बन्धी ठेक्का नं. MMRM/SQ/GOODS/08/080-81 and MMRM/SQ/GOODS/09/080-81 लाई गाउँ कार्यपालिका कार्यालयको मिति २०८१/०१/२० को निर्णयानुसार रद्द गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

साथै ई- विडिङ (e–bidding) प्रक्रियामा सहभागी भई सकेका फर्महरूले बुझाउनु भएको बोलपत्र दस्तुर एवं जमानत रकम बैंक दाखिला गरिसकेको भए सोको प्रमाण सहित गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क राखी फिर्ता लिनु हुन अनुरोध छ ।

बोलपत्र पेश गर्नु भएका फर्महरुलाई पर्न गएको असुविधा प्रति गाउँ कार्यपालिकाको कार्यालय क्षमाप्रार्थी छौं ।

**प्रमुख प्रशासकीय अधिकृत**

Karnali Province Government
Ministry of Land Management, Agriculture and Co-operatives
Directorate of Agricultural Developement

## Agricultural Development Office

**Gamgadhi, Mugu**

### Notice for the Letter of Intent (LOI)

**Date of publication: 21st Baisakh, 2081 (2nd May, 2024)**

This is to notify (as per section 27(2) of Public Procurement Act 2063) to all the Concerned bidders that, Our Intention is to award following contract to following bidder selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S.N. | Contract Number | Work Description | Name and Address of the Bidders | Quoted Amount NRs. (Including VAT and PS) |
|---|---|---|---|---|
| 1 | ADO/080-081/MUGU/01 | Construction of ADO Mugu office Building | P.K./ Sandhya J.V., Dhangadhi-05, Kailali | 1,56,06,944.62/- |

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **U T PACK INDUSTRIES L.L.C.**

पुर्व स्वीकृति मिति २०७९/०२/२० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२० | LT No :263914 | चलानी नं. ६०१८९८२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 2 | 0 | 900 | ३२,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २८ गते (10th May 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ganapati Overseas Pvt.Ltd.**
Sinamangal -9 Kathmandu, Tel: 01-411082
9808865846, 9749-355730, Email: careerganapati@gmail.com
श्रम ईजाजत नं. २५८/०५८/०५९

## युएईमा वैदेशिक रोजगारको अवसर

**फ्रि भिषा !! फ्रि टिकट !!**

कम्पनी : **ALWALSHIN STAR HOSPITALITY SERVICES**

पुर्व स्वीकृति मिति २०७९/०९/११ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२० | LT. No. 278288 | चलानी नं. ६०१९३७७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 20 | 95 | 900 | ३२,४६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manager | 2 | 4 | 3000 | १०८,२०५ | | | | | | | |
| 3 | Waiter | 20 | 95 | 1000 | ३६,०७० | | | | | | | |

कम्पनी : **WALSHINN HOSPITALITY SERVICES EST**

पुर्व स्वीकृति मिति २०७९/०७/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२० | LT. No. 274949 | चलानी नं. ६०१९१०९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 65 | 900 | ३२,४६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Event Planner | 0 | 20 | 1200 | ४२,७५० | | | | | | | |
| 3 | Follow Up Clerk | 0 | 20 | 1200 | ४२,७५० | | | | | | | |
| 4 | Waiter | 0 | 62 | 1000 | ३६,०७० | | | | | | | |

कम्पनी : **WALSHINN HOSPITALITY SERVICES EST**

पुर्व स्वीकृति मिति २०७९/०४/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२० | LT. No. 271028 | चलानी नं. ६०१८६८१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 5 | 20 | 900 | ३२,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Event Planner | 10 | 40 | 1200 | ४२,७५० | | | | | | | |
| 3 | Follow Up Clerk | 10 | 40 | 1200 | ४२,७५० | | | | | | | |
| 4 | Manager | 0 | 3 | 3000 | १०८,२०५ | | | | | | | |
| 5 | Marketing Specialist | 5 | 30 | 1200 | ४२,७५० | | | | | | | |
| 6 | Waiter | 5 | 20 | 1000 | ३६,०७० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २८ गते (10th May 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Shuvam Overseas Employment Pvt. Ltd.**
SOE
श्रम ईजाजत नं. ४९७/०६१/०६२
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9813462938, 9818425111, 9867835681, 9814470329
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

# प्रभाव दैनिक

शुक्रबार २१, वैशाख २०८१ (Friday, May 03, 2024)





## प्रदीपको 'ऐरी'मा सांगेको इन्ट्री

भुटानका चर्चित कलाकार सांगे सेल्ट्रिमले फिल्म 'ऐरी' मा काम गर्ने पक्का भएको छ। सांगे र यो फिल्मका निर्देशक जीवन थापाबिच बुधबार अभिनय बिषयमा सम्झौता भएको हो। फिल्मका लागि सांगे मंगलबार नेपाल आएका थिए। नायक प्रदिप खड्काको मुख्य भूमिका रहने यो महत्वकांक्षी फिल्ममा सांगेको भूमिका के हुने हो भन्ने अहिले खुलाइएको छैन। नेपाली फिल्ममा काम गर्न पाउँदा आफू निकै उत्साहित भएको सांगेले बताएका छन्।



# प्रिमियरमा रुचाइयो 'मनसरा'




**काठमाडौं–** उपेन्द्र सुब्बा निर्देशित फिल्म 'मनसारा' प्रिमियर गरिएको छ। बुधबार साँझ ललितपुरको लबिङ मलमा आयोजित प्रिमियरमा कलाकर्मी तथा रङ्ग पत्रकारको बाक्लो उपस्थिति थियो।

प्रिमियरमा निर्देशक निश्चल बस्नेत, प्रदीप भट्टराई, दीपेन्द्र लामा, लक्ष्मण सुवेदी, अभिनेता खगेन्द्र लामिछाने, कर्मा शाक्य, विजय बराल, अभिनेत्री सुरक्षा पन्त, सरिता गिरी, निर्माता सुनिल कुमार थापा, रोहित अधिकारी, गायक सत्यराज र स्वरूपराज आचार्यलगायत थुप्रैको उपस्थिति रहेको थियो।

प्रिमियरमा फिल्म हेर्ने धेरैले सामाजिक सञ्जालमा फिल्म उत्कृष्ट रहेको प्रतिक्रिया दिएका छन्। निर्देशक सुब्बाकै लेखन रहेको फिल्मले एकल महिला र निसन्तान पुरुषबिचको कथा बोल्छ। अभिनेता प्रवीण खतिवडा र अभिनेतृ मिरुना मगरको वरिपरि घुमेको फिल्ममा अभिनेता दयाहाङ राईको पनि सशक्त अभिनय छ। गायक सत्यराज आचार्य र कवि विप्लव प्रतीकको विशेष भूमिकामा छन्।

कबड्डी फिल्मस्को ब्यानरमा निर्माण भएको फिल्मका निर्माता छायाकार शैलेन्द्र ध्वज कार्की हुन्। विष्णु कुमार लिम्बू मनोरथ पोखरेल, पर्शु अधिकारी, पिटर गुरुङ तथा जीवन लिम्बु थाक्लुङ सह-निर्माता रहेको फिल्म भोली शुक्रबारबाट देशभर सार्वजनिक प्रदर्शनमा आउँदैछ। निर्देशक सुब्बाको यो दोस्रो फिल्म हो। यस अगाडि 'जारी' निर्देशन गरेका सुब्बाको यो फिल्म 'मनसरा' पनि दर्शकले रुचाउने अपेक्षा निर्माण युनिटको छ।

# एक खेलअघिनै वेस्ट इन्डिजलाई शृंखला

**काठमाडौं** – वेस्ट इन्डिज 'ए' विरुद्धको चौथो टी-२० क्रिकेटमा पनि नेपाली टोली पराजित भएको छ। कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा बिहीबार खेलिएको चौथो खेलमा भ्रमणकारी टोली वेस्ट इन्डिजले नेपाललाई २८ रनले हरायो।

जितसँगै वेस्ट इन्डिजले अन्तिम खेलअघि नै शृफ्ला पनि आफ्नो पक्षमा पारेको छ। पाँच खेलको शृफ्लामा वेस्ट इन्डिजले ३-१ को अग्रता लिएको हो। शृंखलाको पहिलो खेलमा नेपाल चार विकेटले विजयी भएको थियो।

त्यसपछिका सबै खेलमा क्यारेबियन टोली विजयी हुँदै आएको छ। दोस्रो खेलमा वेस्ट इन्डिजले नेपालमाथि १० रनको रोमाञ्चक जित हासिल गरेको थियो। तेस्रो खेलमा पनि वेस्ट इन्डिजले नेपाललाई ७६ रनले हराएको थियो। शृफ्लाको पाँचौं तथा अन्तिम खेल शनिवार खेलिने छ। क्यारेबियन टोलीले टस जिती पहिले ब्याटिङ गर्दै निर्धारित ओभरमा केवल तीन विकेट गुमाएर दुई सय नौ रन बनाएको थियो।


## Chautara Sangchokgadhi Municipality
## Office Of The Municipal Executive
### Chautara, Sindhupalchok
### Bagmati Province, Nepal

## INVITATION FOR ELECTRONIC SEALED QUOTATION

**Invitation for Electronic Sealed Bids for the Bituminous Premix Carpet Works Of Melchaur chilaune Kadambas Bhaise Road Sector package-III, CSGM-09**

**Contract Identification No: CSGM/SQ/WORKS-02/2080/081**

**First Date of publication: 2081/01/21 (03th May 2024)**

The Chautara Sangachokgadhi Municipality Office, Chautara, Sindhupalchok invites electronic bids from nepali eligible Bidders for the construction of the following works under NCB Procedures.

| Contract Identification No | Description | Estimated Amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date, Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|---|
| CSGM/SQ/ WORKS -02/2080/081 | Bituminous Premix Carpet Works Of Melchaur chilaune Kadambas Bhaise Road Sector package-III, CSGM-09 | Rs. 16,83,607.50 | Rs. 56,000.00 | Rs. 1,000.00 | 2081/02/07 (20th May 2024) at 12:00 hrs | 2081/02/07 (20th May 2024) at 13:00 hrs |

1. Eligible Bidders may obtain further office of Chautara Sangachokgadhi Municipality, Office of the Municipal Executive, Chuatara, Sindhupalchok, Contact no 011-620477 or may visit the website http://www.chautaramun.gov.np. or may visit PPMO website www.bolpatra.gov.np/egp.
2. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the office account no. as specified below and the scanned copy (.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Nepal Bank Limited, Chautara Branch
   Name of Office: Chautara Sangachokgadhi Municipality
   Account Number (Aantarik Rajashwo Khata for bid document fee): 05703000001001000001
   Dharauti Khata No. 05703000003000000001
   Office Code No: 801032701
   Rajaswa (revenue) Shirshak no: 14229
3. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp. on or before as mentioned above.
4. Sealed Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a minimum of NRs 56,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
5. Sealed Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at above mentioned date and time at the office of Chautara Sangachokgadhi Municipality.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Bidders are advised to visit the site and assess the actual site conditions prior to submit the bid in their own cost.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
9. Any matter not covered by this notice shall be as per other mandatory information as per PPA and PPR. (With all amendments) of GON.
10. If there are any changes or correction in notice or on Bid document, the notice will be published in Chautara Sangachokgadhi Municipality notice board, Municipality Official Website and in bid addendum.

*Chief Administrative Officer*
*Chautara Sangachokgadhi Municipality*



## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको **प्रा.लि. नं. २१४७६१/०७५/०७६** को **सिल्ड डिजिटल सोलुसनस् प्रा.लि**. को मिति २०८१/०१/२० मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाणसहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्विडेटरको कार्यालय काठमाडौंमा सम्पर्क गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ। अन्यथा तोकीएको म्यादभित्र हक दावी गर्न नआए उक्त कम्पनी दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेजी गरिनेछ।

**लिक्विडेटर: श्रीधर न्यौपाने, इजाजतपत्र नं. ५३२**
**फोन नं. ९८४८९१७४२८**



## पेन्सन पट्टा हराएको सूचना

मिति २०८१/०१/०३ गते कौँडाघारी सनसिटि देखि तिनकुनेचोक सम्म जादाँ निम्न व्यहोरा भएको मेरो पेन्सन पट्टा हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरीचौकी वा तलको ठेगानामा खबर गरिदिनुहुन अनुरोध छ।

नाम: केदार नाथ पराजुली
फोन नं.: ९८५१०३४२०६
ठेगाना:वतासे गा.वि.स.वडा नं.३ सिन्धुपाल्चोक
सिलसिलेबर नम्बर: ३८५८
दर्जा: इलेक्ट्रीसियन
अवकाश मिति: २०७१/०५/१२
हकवालाको नामथर: मह कुमारी पराजुली



## शैक्षिक कागजात हराएको सूचना

मिति २०८१/०१/१५ गते काठमाडौं महानगरपालिका स्थित कालो पुलबाट बागबजार जाने क्रममा मेरो रजिस्ट्रेसन, माइग्रेसन र प्रोभिजन हराएको हुँदा पाउनुहुने महानुभावहरूले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनु अनुरोध गर्दछु।

**नाम थर :पदम तिमिल्सिना**
**रजिष्ट्रेसन नं : ६५३५१०३६१**
**सम्पर्क : ९८५१२०३३४६**



## हकदाबी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/०९/१२ मा दर्ता भएको प्रा.लि.नं.२९५५३८/०७९/०८० को **ब्राईट सुपेरियर ट्रेनिङ् एण्ड एजुकेशनल कन्सल्तटेन्सी** को मिति २०८१/०१/१२ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटर: मान बहादुर लामीछाने, इजाजत पत्र नं. ००१,**
**ठेगाना: अनामनगर, काठमाडौं, फोन नं. ९८४१०७४५७७**



## खयर काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८१/०१/२१**

पाथिभरा सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई आमचोक गा.पा. वडा नं. ९ माझाखानी, दुम्मानामा घाटगद्दि गरि राखिएको खयर जातको पलाँस सहितको २५७३.४१ क्यू फिट काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक वन पैदावारमा आधारित उद्योगहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एकाइस) दिनभित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, भोजपुरको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री पाथिभरा सामुदायिक वन उपभोक्ता समूह**
**आमचोक गा.पा. वडा नं. ९ माझाखानी, दुम्माना, भोजपुर।**
**फोन नं. ९८४६६६४५७२**

# अफगानिस्तानलाई विश्व बैंकबाट ८४ मिलियन सहयोग

**काबुल–** अफगानिस्तानले देशमा चलिरहेको मानवीय सङ्कटको बीचमा विश्व बैंकबाट ८४ मिलियन अमेरिकी डलर सहयोग प्राप्त गरेको टोलो न्यूजले जनाएको छ । उक्त सहयोग आर्थिक सङ्टकसँग जुध्न, जीविकोपार्जन परियोजना प्रदान गर्न, अफगान महिलाहरूलाई सहयोग गर्न, जलवायु परिवर्तनलाई सम्बोधन गर्न तथा आप्रवासीहरूलाई सहयोग गर्न प्रयोग गरिने विश्व बैंकले जनाएको छ ।

परियोजना सन् २०२२ मा ग्रामीण र सहरी क्षेत्रमा आजीविका सहयोग र सेवाहरू प्रदान गर्न, महिला र सबैभन्दा कमजोरका लागि सामाजिक अनुदानलाई समर्थन गर्न र समावेशी सेवा वितरणका लागि सामुदायिक संस्थाहरूलाई सुदृढ पार्न एआरटीएफबाट २६ करोड ५० लाख डलरको अनुदानका साथ सुरु भएको बैंकको विज्ञप्तिमा उल्लेख छ।

अर्थ मन्त्रालयले विश्व बैंकको सहयोगलाई स्वागत गर्दै आर्थिक विस्तार र परियोजना संशोधनहरूलाई सहयोग गर्न सक्ने बताएको छ, जसको परिणामस्वरूप देशको रोजगारी सिर्जनामा योगदान पुग्नेछ । परियोजनाको कार्यान्वयनले रोजगारी सिर्जना गर्न, सहरी र ग्रामीण क्षेत्रमा सेवा वितरणमा सुधार ल्याउन तथा आप्रवासी समस्यालाई सम्बोधन गर्न सक्ने तालिबानी अर्थ मन्त्रालयका प्रवक्ता अब्दुल रहमान हबीबले बताए ।

यसैबिच, काबुलका नागरिकहरूले हालको परिस्थितिलाई ध्यानमा राख्दै अझ बढी सहयोग आवश्यक रहेको बताउदै यसलाई खुल्लारूपममा दिनुपर्ने माग राखेको टोलो न्यूजले जनाएको छ ।

अफगानीस्तानमा मानिसहरू गरिब तथा निराश्रित भई महिनामा तीन दिन मात्र काम पाउने अवस्थामा छन्। काबुलका बासिन्दा उमर अलीले आफ्नो घरमा दस जना आश्रित भएको तथा डेढ वर्षदेखि भाडाका लागि ऋणमा डुबेको बताए । तालिबानले अफगानिस्तानमा अधिकार पुनः प्राप्त गरेपछि विश्व बैंकसहित अधिकांश अन्तर्राष्ट्रिय संस्थाहरूले अफगानिस्तानमा काम गर्न छोडेका छन् । यी संस्थाहरूको पुनः सञ्चालनले अफगान अर्थतन्त्रलाई बढावा दिने अनुमान गरिएको छ । *रासस/एएनआई*

# चीनमा सडक दुर्घटना हुँदा मृत्यु हुनको सङ्ख्या ४८ पुग्यो

**बेइजिङ–** चिनियाँ राष्ट्रपति सि जिनपिङले दक्षिणी चीनको गुआङडोङ प्रान्तमा एक्सप्रेसवे दुर्घटनापछि शीघ्र उद्धार र विपद् राहतकार्यका लागि निर्देशन दिएका छन् । बुधबार बिहान एक्सप्रेसवेको एक भाग ढलेपछि ४८ जनाको मृत्यु भएको छ । उपचाररत घाइतेमध्ये तीन जनाको अझै पहिचान हुनसकेको छैन ।

घाइतेहरुमध्ये सबै जना खतरामुक्त तथा सुरक्षित रहेको मेझोउ शहरका अधिकारीहरूले बताएका छन् । दुर्घटना मेझोउ-डाबु एक्सप्रेसवेमा मेझोउमा भएको थियो हवाइ तस्बिरले एक्सप्रेसवेको एकपट्टि ढल्किएको देखाउँछ, जसले गर्दा सवारी साधन दुर्घटनामा परिरहेका छन् । अहिले पनि खोजी तथा उद्धारकार्य जारी छ।

चिनियाँ कम्युनिष्ट पार्टी (सिपिसी)को केन्द्रीय समितिका महासचिव तथा केन्द्रीय सैन्य आयोगका अध्यक्ष सिले घटनास्थलमा उद्धार, घाइतेको उपचार र त्यसपछिको अवस्थालाई व्यवस्थापन गर्न सबै प्रयास गर्न निर्देशन दिएका हुन् ।

'क्षतिग्रस्त सडक मर्मत गर्न र ट्राफिक व्यवस्था सकेसम्म छिटो पुनःस्थापना गर्ने प्रयास गर्नुपर्छ, सबै क्षेत्र र सम्बन्धित विभागले जिम्मेवारी पुरा गर्न अनुगमन र चेतावनीलाई सुदृढ पारी आपतकालीन सुधार गर्नुपर्छ । प्रमुख क्षेत्रका जोखिमको अनुसन्धान गरी जनताको जीवन र सम्पत्तिको सुरक्षासहित सामाजिक स्थिरता सुनिश्चित गर्नुपर्दछ,' सिले भने । *रासस/सिन्ह्वा*

# इजरायलद्वारा गाजाको उत्तरी क्षेत्रमा खाद्यान्न पठाउन सहजता

**तेलअवीव–** इजरायलले अक्टोबर ७ मा सुरु भएको विनासकारी युद्धको श्रङ्खलापछि रोकिएको इजाज क्रसिङमार्फत जोर्डनबाट उत्तरी क्षेत्रमा खाद्यान्न र चिकित्सा आपूर्तिलाई पुनः खुल्ला गरेको छ ।

गाजाको उत्तरी सीमामा अवस्थित एक मात्र क्रसिंग क्षेत्रमा सामान भरिएका ३० ट्रक पठाइएको हो । युद्धअघि पैदल यात्री यातायातका लागि एक मात्र क्रसिङ पोइन्टका रूपमा सञ्चालनमा थियो । आक्रमण पहिले, मुख्यतया कूटनीतिज्ञ, सहायता कर्मचारी र पत्रकारहरू र प्यालेस्टिनीहरूले उक्त मार्ग प्रयोग गर्थे भने ट्रकहरू जस्ता मालबहाकले गाजा पट्टीको दक्षिणी छेउमा केरेम शालोम क्रसिंग प्रयोग गर्थे । इन्जिनियरिङ एकाइहरू र अतिरिक्त आइडिएफ सेनाहरूद्वारा क्षेत्रमा इन्जिनियरिङको काम पछि इरेज क्रसिंगमार्फत मानवीय सहायताको प्रवेश सम्भव भएको थियो । इन्जिनियरिङ उपकरणहरू प्रयोग गरेर, नवीकरण गरिएको क्रसिङ पहिले नागरिक क्रसिङको रूपमा मात्र प्रयोग गरिएको थियो ।

सेनाले यस क्षेत्रमा निरीक्षण र सुरक्षा पूर्वाधार निर्माण गरी सीमाको इजरायली र गाजा दुवै छेउमा सडकहरू पक्का गरेपछि गाजा पट्टीको उत्तरी भागमा पर्याप्त मात्रामा सहयोगको प्रवेशलाई सक्षम बनायो ।

मार्चमा, इजरायली सैनिकहरूले गाजामा फेला परेको सबैभन्दा ठूलो सुरुङको विध्वंश गरी इरेज सीमा क्रसिङसम्म तथा हामासाको छेउमा थियो ।अक्टोबर ७ मा गाजा सीमा नजिकै इजरायली समुदायहरूमा हमासको आक्रमणमा कम्तीमा एक हजार दुई सय मानिस मारिएका थिए भने दुई सय ४० इजरायली र विदेशीलाई बन्धक बनाइएको थियो । *रासस/एएनआई/टिपिएस*

# अन्तर्राष्ट्रिय श्रमिक दिवसको बिदामा चीनमा रेलयात्रीको संख्या अत्यधिक

**बेइजिङ–** अन्तर्राष्ट्रिय श्रमिक दिवसको आठ दिने सार्वजनिक बिदाअन्तर्गत पहिलो दिन बुधबार चीनमा रेलयात्रा गर्ने यात्रुको सङ्ख्या अत्यधिक भएको छ ।

राष्ट्रिय रेलवे सञ्चालकबाट प्राप्त विवरणका आधारमा चाइना रेलवेले जनाए अनुसार मजदुर दिवसको बिदाको पहिलो दिन अनुमान गरिए भन्दा बढी दुई करोड ६९ लाखले रेलयात्रा गरेका छन्। बुधबार एक करोड ७० लाख यात्रुको अनुमानसहित एक हजार ९४ अतिरिक्त यात्रु रेलहरु थप गरिएकामा अपेक्षाभन्दा बढी यात्रु भएका हुन् । दिवसका अवसरमा चीनमा अप्रिल २९ देखि मे ६ सम्म आठ दिन सार्वजनिक बिदा दिइएको छ । *रासस/सिन्ह्वा*


## नेपालगंज उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

नेपालगंज, बांके

लुम्बिनी प्रदेश, नेपाल

**प्राकृतिक जलाशयमा मत्स्यपालन कार्यक्रममा सहभागी हुन इच्छुक अनुदानग्राहीको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०१/२१**

नेपालगंज उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, नेपालगञ्ज, बाँकेको आ.व.२०८०/०८१ को प्रदेश सरकारको सशर्त तर्फको स्वीकृत वार्षिक कार्यक्रम अनुसार "स्थानीय तहमा वित्तिय हस्तान्तरित कृषि तथा पशुपंक्षी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८०" बमोजिम प्राकृतिक जलाशयमा मत्स्यपालन कार्यक्रममा सहभागि हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा तपशिलको कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नुपर्ने कागजात, सञ्चालन कार्यविधि यस कार्यालयको सूचनापाटी/वेवसाईट www.nepalgunjmun.gov.np बाट प्राप्त गर्न सकिनेछ । थप जानकारीका लागि कार्यालयको पशुसेवा शाखामा सम्पर्क गर्न सकिन्छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| क्र.सं. | कार्यक्रमको नाम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | अनुदानको सिमा |
|---|---|---|---|---|---|
| १. | प्राकृतिक जलाशयमा मत्स्यपालन | - प्राकृतिक जलाशयको गहिराई, डिल,प्रवेश/निकासद्धार मर्मत सुधार र सरसफाई<br>- माछाको भुरा खरिद र आकस्मिक उपचार,<br>- एरेटर र फिडर खरिद<br>- तथ्याङ्क अभिलेखीकरण र रिपोर्टिङ्ग। | - स्थानीय तहको मातहतमा रहेका प्राकृतिक जलाशयहरु (घोल/ताल, सिमसार) हुनुपर्ने ।<br>- न्यूनतम जलाशयको क्षेत्रफल १० हेक्टर र गहिराई १.५ मिटर हुनुपर्ने ।<br>- मत्स्यपालन गरिरहेको वा स्तरोन्नति गरि व्यावसायिक मत्स्यपालनको शुरुवात गर्ने योजना भएको हुनपर्ने । | नेपालगंज उप-महानगरपालिका क्षेत्र भित्र । | - कुल लागतको अधिकतम ७५ प्रतिशत<br>- प्रति हेक्टर जलाशय अधिकतम रु १ लाख । |

**आवश्यक संलग्न कागजातहरु**

१) प्रस्तावको निवेदन ।(अनुसूची ३५ बमोजिम)
२) दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि(समुह/निजि फर्म/कम्पनी/सहकारी)
३) स्थायी लेखा नम्बर प्रमाणपत्र तथा गत आ.व. को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४) कृषक तथा कृषक समुहको हकमा स्थायी लेखा नम्बर, प्रमाणपत्रको प्रतिलिपि ।
५) कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजा सहितको प्रस्ताव(कार्यक्रमको प्रकृति अनुसार ) अनुसूची-३८ बमोजिम ।
६) सम्बन्धीत वडाको सिफारिस पत्र ।
७) प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।
८) प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।
९) निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।
१०) धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र ।

आवेदकहरुले निवेदन र संक्षिप्त कार्ययोजनाको ढाँचा तथा कार्यक्रम सञ्चालन कार्यविधि यस कार्यालयको वेबसाईटबाट डाउनलोड गर्न वा कार्यालयबाट प्राप्त गर्न सकिनेछ । थप जानकारीका लागि पशुसेवा शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : BHANU CLEANING AND CONTRACTING**

पुर्व स्वीकृति मिति २०८०/०९/१६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२० | LT. No. 297414 | चलानी नं. ६०२१२४४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant Gen | 0 | 1 | 3600 | १३१,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Buidling Worker | 3 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 3 | Carpenter | 3 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 4 | Cashier | 0 | 1 | 1500 | ५४,९८५ | | | | | | | |
| 5 | Driver | 2 | 0 | 1500 | ५४,९८५ | | | | | | | |
| 6 | Foreman | 5 | 0 | 2500 | ९१,६४५ | | | | | | | |
| 7 | General Clean Worker | 8 | 1 | 1000 | ३६,६६० | | | | | | | |
| 8 | Helper | 5 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 9 | Labour | 24 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 10 | Labour Services | 5 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 11 | Mason | 6 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 12 | Painter | 3 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 13 | Plaster Worker | 3 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 14 | Receptionist | 1 | 0 | 1500 | ५४,९८५ | | | | | | | |
| 15 | Supervisor | 4 | 0 | 3000 | १०९,९७५ | | | | | | | |

**कम्पनी : HAYAT AL DEEP TRADING CONTRACTING AND SERVICES**

पुर्व स्वीकृति मिति २०८०/१२/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२० | LT. No. 301902 | चलानी नं. ६०२१६८००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant/auditor | 1 | 0 | 4500 | १६४,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Mason | 3 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 3 | Carpenter | 2 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 4 | Foreman | 2 | 0 | 2500 | ९१,६४५ | | | | | | | |
| 5 | General Clean Worker | 13 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 6 | Labour | 10 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 7 | Labour Services | 2 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 8 | Plumber | 2 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 9 | Sales Superviser | 1 | 0 | 2500 | ९१,६४५ | | | | | | | |

**कम्पनी : MULTIPLEX CLEANING & CONT. WLL**

पुर्व स्वीकृति मिति २०८०/१०/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२० | LT. No. 299392 | चलानी नं. ६०२१४३४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Busin. Excutive | 0 | 1 | 3000 | ११०,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९१,६४५ | | | | | | | |
| 3 | Gen.clean Worker | 22 | 20 | 1000 | ३६,६६० | | | | | | | |
| 4 | Gen.director | 1 | 0 | 6000 | २२०,१०० | | | | | | | |
| 5 | Labourer | 32 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 6 | Painter | 1 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 7 | Plaster Worker | 2 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 8 | Representative | 1 | 0 | 2500 | ९१,६४५ | | | | | | | |
| 9 | Supervisor | 3 | 0 | 2500 | ९१,६४५ | | | | | | | |

**कम्पनी : RAPTI RESTAURANT**

पुर्व स्वीकृति मिति २०८०/१२/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२० | LT. No. 301750 | चलानी नं. ६०२१२६६७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 2 | 2 | 1500 | ५४,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९१,६४५ | | | | | | | |
| 3 | General Clean Worker | 3 | 16 | 1000 | ३६,६३५ | | | | | | | |
| 4 | General Cook | 4 | 2 | 1500 | ५४,९८५ | | | | | | | |
| 5 | Hotel Services | 2 | 0 | 1500 | ५४,९८५ | | | | | | | |
| 6 | Juice Maker | 4 | 4 | 1500 | ५४,९८५ | | | | | | | |
| 7 | Marketing Represent | 1 | 0 | 3000 | १०९,९०५ | | | | | | | |
| 8 | Receptionist | 0 | 1 | 1500 | ५४,९५० | | | | | | | |
| 9 | Supervisior | 4 | 1 | 2500 | ९१,६४५ | | | | | | | |
| 10 | Waiter | 13 | 5 | 1400 | ५१,२९० | | | | | | | |

**कम्पनी : AL JAZEERA INTERNATIONAL CATERING - LLC**

पुर्व स्वीकृति मिति २०८०/११/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२० | LT. No. 300202 | चलानी नं. ६०२१५१७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Male Cleaner | 34 | 0 | 800 | २९,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २८ गते (10th May 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १२२४/०७४/०७५

**JALAJALA RECRUITMENT PVT.LTD**

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257

E-mail: jalajalarecru2017@gmail.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्युनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला - १३६५०० | प्रति तोला - १३५८५० | प्रति तोला - १६४५



**ढकमक्क गुलमोहर** | दाङको घोराही उपमहानगरपालिका–१५ स्थित जिल्ला समन्वय समिति सडकमा ढकमक्क फूलेको गुलमोहरको फूल ।
*तस्बिर: कुलदीप न्यौपाने/रासस*

# जोखिम नमोली परिणाम प्राप्त हुँदैन : अर्थमन्त्री पुन

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री वर्षमान पुनले आगामी आर्थिक वर्षको बजेटलाई वस्तुनिष्ठ र समयसापेक्ष बनाउनका लागि पूर्वप्रशासक र अर्थ क्षेत्रका जानकारहरूको सहयोग जरुरी रहेको बताएका छन् । मन्त्री पुनले पूर्वअर्थसचिव, नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्षसँग बजेटका सन्दर्भमा सुझाव लिनुभएको उनको सचिवालयले जनाएको छ ।

छलफलका सहभागीले यथार्थपरक र कार्यान्वयन हुनसक्ने बजेट ल्याउन सुझाए । पुँजीगत खर्च बढाउनुपर्ने र साधारण खर्च घटाउन, आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धनको नीति अख्तियार गर्न सुझाव दिएका थिए । यस्तै प्रदेश र स्थानीय तहको क्षेत्रमा पर्ने साना आयोजनामा बजेट विनियोजन नगर्न, सहकारी समस्या समाधान गर्न, बजेट खर्च गर्ने निकायको संरचनागत सुधार गर्नुपर्ने उनहरूको कथन थियो । त्यस्तै संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी संघीयता कार्यान्वयनलाई प्रभावकारी बनाउन, चालु ठूला आयोजनाका काम सम्पन्न गर्न, वैदेशिक सहायता वृद्धि गर्न, तथा कर्मचारी संयन्त्रको मनोबल उकास्न सुझाव दिए ।



छलफलमा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्षहरु डा पुष्पराज कँडेल, डा दिनेशचन्द्र देवकोटा, दीपेन्द्रबहादुर क्षेत्री, नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर दीपेन्द्रपुरुष ढकाल, पूर्वमुख्यसचिव विमल कोइराला, पूर्वअर्थसचिवहरू कृष्णहरि बाँस्कोटा, सुमन शर्मा, शङ्कर अधिकारी, राजन खनाल, रामशरण पुडासैनीलगायत सहभागी थिए ।

पूर्वप्रशासक र विज्ञको सुझाव लिएपछि अर्थमन्त्री पुनले आर्थिक शिथिलताबाट मुलुकलाई कसरी माथि उठाउने भन्नेबारे सरकार, राजनीतिक दल, निजी क्षेत्र, प्रशासन संयन्त्र र अर्थ क्षेत्रका विज्ञहरु क्रियाशील र चिन्तित भएको रहेको बताए । 'आर्थिक शिथिलताबाट मुलुकलाई कसरी माथि उठाउने भन्ने विषयमा सिङ्गो देश नै एक ढिक्का छ र चिन्तित पनि छ । यो धेरै सकारात्मक कुरा हो', मन्त्री पुनले भने । उनले गत वर्षको तुलनामा अर्थतन्त्रका धेरै सूचकमा सुधार देखिए पनि केही क्षेत्रमा अझै सुधारको खाँचो रहेको बताए ।

उनले सरकारको वित्तीय नीति र राष्ट्र बैंकले जारी गर्ने मौद्रिक नीतिमा तालमेल मिलाएर काम गर्नुपर्ने उल्लेख गरे । अर्थतन्त्रमा सङ्कट हुँदा गरिएका कडाइहरूमा विस्तारै खुकुलो जानुपर्ने भन्दै मन्त्री पुनले त्यसबारे राष्ट्र बैंकसँग छलफल भइरहेको जानकारी दिए ।

निजी क्षेत्र र प्रशासन संयन्त्रको कमजोर मनोबल उठाउने गरी सरकार अघि बढेको उहाँको भनाइ थियो । 'निजी क्षेत्र र प्रशासन संयन्त्रको मनोबल कमजोर छ', उनले भने, 'राजनीतिक नेतृत्वले मुलुकको विकासमा गति पैदा गर्न जोखिम मोल्नुपर्ने अवस्था आएको छ ।'

मन्त्री पुनले काम गर्नेले सबैतिर जवाफ दिनुपर्ने र कामै गर्नेहरु लोकप्रिय हुने अवस्था आउनु चिन्ताजनक भएको बताए । काम गर्दा असल नियत राखेको होला वा विवेक प्रयोग गरेको होला भन्नेबाट भन्दा फट्याइँ गरेको होला भन्ने कोणबाट सोच्ने प्रवृत्ति समाजमा संस्थागत हुन खोजेको उनले स्पष्ट पारे ।

'कसैले न कसैले आँट नगरी यही अवस्थामा देशको विकासले गति लिन सक्दैन । राजनीतिक वा प्रशासनिक नेतृत्वमा बस्नेहरु जसले काम गर्दैन त्यो ठीक र लोकप्रिय, जसले काम गर्‍यो त्यसले जवाफ दिनुपर्ने जस्तो सोच समाजमा हाबी हुन थालेको छ', उनले भने, 'काम गर्दा मानिसले विवेक प्रयोग गर्छ, असल नियतले गर्छ भन्ने पनि सोच्नुपर्छ । सबैतिर अविश्वासको वातावरण छ । सबै लोक रिझ्याइँको पछि लागेर हुँदैन । मुलुक बनाउने हो भने यो अवस्था हटाउनुपर्छ ।'

राजनीतिक र प्रशासनिक नेतृवले कामका लागि आँट गर्नुपर्ने र त्यसमा समाजका अरु पक्षले साथ दिनुपर्ने उनले बताए । 'सबैले एकपटक आँट गर्नुपर्ने भएको छ ।

राजनीतिक कोर्षभित्रै रहेर काम गर्ने शैलीमा परिवर्तन गर्नुपर्ने भएको छ । सबैले सबैलाई शङ्का गर्ने र कसैले केही पनि गर्नुनपर्ने जस्तो भइरहेको छ', उनले भने । फरक प्रसङ्गमा मन्त्री पुनले विकासका संरचना बनाउँदा आर्थिक क्षेत्र, कृषि र बजारको व्यवस्थासमेत गर्नुपर्ने महसुस गरिएको बताए । 'हामीले मध्यपहाडी राजमार्ग बनायौं तर बजार र आर्थिक कार्यक्रम बनाएनौं । उत्पादनको क्षेत्र बनाएनौं । पूर्वपश्चिम हुलाकी राजमार्ग छ, तर सबैभन्दा गरिबी त्यसकै आसपासमा छ', उनले भने, 'विकासका संरचना निर्माण गर्दा आर्थिक कार्यक्रम नबनाउँदा त्यस्तो भयो ।'

मन्त्री पुनले उच्चस्तरीय कर सुधार सुझाव आयोगको प्रतिवेदन अध्ययन क्रममा रहेको र आयोगका सुझावका आधारमा बजेटमार्फत सुधारका कार्यक्रम ल्याउने पनि उल्लेख गरे ।

# सहायक महासचिव र अर्थमन्त्रीबीच भेट

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री वर्षमान पुनसँग संयुक्त राष्ट्रसंघको सहायक महासचिव एवं राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडिपी) का एसिया प्रशान्त क्षेत्रका लागि क्षेत्रीय निर्देशक कान्नी विगनाराजाले शिष्टाचार भेट गरेका छन् । यूएनडिपीको एसिया प्रशान्त क्षेत्रका ३५ देशका आवासीय प्रतिनिधिको बैठकमा सहभागी हुन नेपाल आएका उनले मन्त्री पुनसंग भेट गरेका हुन् ।

यूएनडिपीका तर्फबाट नेपालका लागि आवासीय प्रतिनिधि आयशानी मेडागाङेडा लाबे विग्नाराजाले आफूसहितको टोलीले सोलुखुम्बु हिमालय क्षेत्रको भ्रमणमा गरेको र त्यहाँस्थित इम्जा ताल निरीक्षण गरेको जानकारी दिए । यूएनडिपीको आर्थिक तथा प्राविधिक सहयोगमा इम्जा हिमतालमा जमेको हिउँ बाहिर निकालेर ताल फुट्न सक्ने जोखिम घटाइएको थियो ।

यूएनडिपीले दोलखाको उत्तरी क्षेत्रस्थित रोल्वालिङ उपत्यकामा रहेको नेपालको सबैभन्दा ठूलो हिमताल च्छोरोल्पाको फुट्न सक्ने जोखिम पनि घटाएको थियो । आगामी दिनमा त्यस्तै जोखिममा रहेकाका सुनकोशी बेसिनका तीन र गण्डकी बेसिनका एक तालको जोखिम घटाउने योजना रहेको यूएनडिपीले जनाएको छ । भेटमा उनले यूएनडिपीले नेपालका गामीण क्षेत्रमा स्वास्थ्य, शिक्षा र गरिबी निवारणको क्षेत्रमा काम गरिरहेको बताए । आफूले भ्रमणका क्रममा वातावरणीय परिवर्तनका कारण नेपालले भोगेका समस्याबारे जानकारी पाएको भन्दै 'ग्लोबल ग्रिन क्लाइमेट फन्ड' को कार्यक्रम नेपालमा लागू गरिने बताए ।

भेटमा मन्त्री पुनले यूएनडिपीको एसिया प्रशान्त क्षेत्रका ३५ देशका आवासीय प्रतिनिधिको बैठक नेपालमा राखेकामा धन्यवाद दिए । उनले जलवायु परिवर्तनका कारण नेपाल जस्ता अल्पविकसित मुलुकहरुले भोग्नुपरेका विकराल समस्याबारे संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसलेसमेत नेपालको भ्रमण गरी जलवायु परिवर्तनका कारण नेपालले भोग्नुपरेका विकराल समस्याबारे विश्वव्यापी जानकारी गराएको स्मरणसमेत गराए ।

मन्त्री पुनले यस्तै यूएनडिपीले नेपालसहित हिन्दकुश हिमालय क्षेत्रका देशका पक्षमा संयुक्त रूपमा काम गर्न अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) सँग सम्झौता गरेकामा पनि खुसी व्यक्त गरे ।

नेपाल र यूएडिपीबीच लामो सहकार्य रहँदै आएको चर्चा गर्दै मन्त्री पुनले नेपालको आर्थिक तथा सामाजिक विकासमा पुऱ्याएको योगदानको प्रशंसा गरे । उनले आगामी दिनमा समेत द्विपक्षीय सहकार्यले निरन्तरता पाउने विश्वास व्यक्त गरेका छन् । भेटमा यूएनडिपीका तर्फबाट नेपालका लागि आवासीय प्रतिनिधि आयशानी मेडागाङ्गोडा लाबे पनि सहभागी भएका थिए ।

## नागरिक लगानी कोषले पाल्पा सिमेन्टको सेयर प्रत्याभुति गर्ने

**काठमाडौं (प्रस)–** नागरिक लगानी कोषले पाल्पा सिमेन्ट इण्डस्ट्रिजको सेयर प्रत्याभूति गर्ने भएको छ । सेयर प्रत्याभूति गर्ने सम्बन्धी सम्झौतामा कोषका कार्यकारी निर्देशक पर्वत कुमार कार्की र पाल्पा सिमेन्टको तर्फबाट कार्यकारी निर्देशक बिष्णु कुमार अग्रवालले हस्ताक्षर गरेका हुन् ।



पाल्पा सिमेन्टको प्रति कित्ता एक सय रूपैयाँ अंकित ७५ लाख कित्ताबराबर हुन आउने ७५ करोड रूपैयाँको सेयर कोषले प्रत्याभूति गर्ने छ । सम्झौता कार्यक्रममा कोषका का.मु.नायव कार्यकारी निर्देशक शोभा श्रेष्ठ सुवेदी, हेमन्त पोखरेल एवं विभागीय प्रमुख र सिमेन्ट इण्डस्ट्रिजका उच्च व्यवस्थापक सहभागी थिए । यो भन्दा अघि पनि कोषले विभिन्न कम्पनीहरूको सेयर प्रत्याभूति गर्दै आएको छ ।

# सुन्तला बेचेर एकैवर्षमा म्याग्दीमा २१ करोड भित्रियो

■ प्रभाव संवाददाता

**म्याग्दी–** म्याग्दीका किसानले सुन्तला बेचेर यस वर्ष रु २१ करोडभन्दा बढी भित्र्याएका छन् । सुन्तला म्याग्दीबाट निकासी हुने प्रमुख कृषिउपज हो । म्याग्दीमा यस वर्ष उत्पादन भएको तीन हजार छ सय मेट्रिक टन सुन्तला बिक्रीबाट रु २१ करोड ६० लाखको कारोबार भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । केन्द्रका सूचना अधिकारी सम्झना आचार्यका अनुसार गत वर्ष रु १७ करोडको सुन्तला उत्पादन र बिक्री भएको थियो । सुन्तला प्रतिकिलो रु ५५ देखि रु ६० का दरले बिक्री भएको छ ।

बेनी नगरपालिकाबाट सबैभन्दा बढी रु तीन करोड ३८ लाखको सुन्तला उत्पादन तथा बिक्री भएको छ । मालिका गाउँपालिकाबाट रु एक करोड ३६ लाख, अन्नपूर्ण गाउँपालिका र मंगला गाउँपालिकाबाट क्रमशः रु एक करोड ३० लाखको दरले सुन्तला बिक्री भएको छ ।

धवलागिरि गाउँपालिकाबाट रु ३० लाख ७० हजार तथा रघुगङ्गाबाट रु २५ लाखको सुन्तला बिक्री भएको सूचना अधिकारी शर्माले बताए । बेनी नगरपालिका-३ भकिम्ली, मरेक र राखु क्षेत्रबाट मात्रै रु दुई करोड २० लाखको सुन्तला निकासी भएको छ । बेनी नगरपालिका-४ को सिङ्गास्थित थामडाँडा, बास्कुना र सुर्केमेलाबाट रु एक करोड १० लाखको सुन्तला निकासी भएको वडा सदस्यसमेत रहेका किसान सन्दीप खत्रीले बताए ।

म्याग्दीमा आठ सय १० हेक्टर क्षेत्रफलको जमिनमा सुन्तलाखेती गरिएकामा चार सय २० हेक्टरमा लगाइएको सुन्तलाले उत्पादन दिएको कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख सञ्जीव बाँस्तोलाले बताए । 'सुन्तलाको प्रतिहेक्टर आठ दशमलव छ मेट्रिक टन उत्पादकत्व रहेको छ', उनले भने, 'अनुकूल मौसम, रोग तथा कीराको प्रकोप नियन्त्रण, किसानलाई बीउमल, विषादी, कृषि औजार एवं सामग्रीमा अनुदान सहयोग तथा क्षेत्रफल विस्तारले सुन्तलाको उत्पादन बढेको हो ।'

कृषि ज्ञान केन्द्र, स्थानीय तहको कृषि शाखा र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सुन्तला जोनका प्राविधिकले म्याग्दीका विभिन्न ठाउँमा क्रप कटिङ विधिबाट सुन्तला उत्पादनको अवस्था अध्ययन गरेका थिए । जिल्ला सदरमुकाम बेनीका साथै राजधानी काठमाडौं, पोखरा, मुग्लिनलगायतका बजारमा सुन्तला निकासी भएको बेनी नगरपालिका-३ राखुका किसान खिम पुनले बताए । राखु, मरेक, सुर्केमेला, बरंजा, भेडाबारी, अर्मन, रुन्मा, बिम, ओखरबोट, ताकम, घतान, पिप्ले, भगवती, बेग, दोवा, दोसल्ले, घार, भुरुङ तातोपानी, दाना र नारच्याङमा दुई सयभन्दा बढी सुन्तला बगैंचा छन् ।

यातायात सुविधा भएकाले ब्यापारी सुन्तला किन्न गाडी लिएर बगैंचामै पुग्ने गरेका छन् । सुन्तलाखेती विस्तार, बगैंचा व्यवस्थापन र नर्सरी स्रोत केन्द्र स्थापनासम्बन्धी कार्यक्रमका लागि चालु आर्थिक वर्षमा कृषि ज्ञान केन्द्रले ५१ वटा फार्म, समूह र सहकारीका लागि रु ६२ लाख अनुदान दिन छनोट गरेको जनाएको छ ।

लामखुट्टेबाट सर्ने रोगबाट बचौं

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।

यसबाट बच्न,

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुला अङ्गमा लामखुट्टेले नटोकोस भनी सचेत रहने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुला नराख्ने,
- पोखरी, दह तथा नालामा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरू व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ